नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

वैभव शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - मिथिलाको तन्त्र पुजन नृत्य झिझिया

**प्राडा योगेन्द्रप्रसाद यादव** - अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख भाषा

**प्रा डा विश्वम्भर प्याकुर्‍याल** - दैवी प्रकोपले पुनःसिकाएको पाठ र आगामी बाटो

**कालिका खड्का** - विश्व पशुपन्छी दिवस

वर्ष २ ● अंक ३१६ ● २०८१ साल असोज १९ गते शनिबार ● Saturday 05, October 2024 ● सूर्योदय: बिहान ५:५९ बजे ● सूर्यास्त: साँझ ५:४७ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# सुशासनमा चुक्दै मधेश

## स्थानीय तहमा सबै भन्दा बढी उजुरी

*बाराको पचरौता नगरपालिका, सुवर्ण गाउँपालिका, धनुषाको जनकपुरधाम उपमहानगरपालिका, पर्साको छिपहरमाई गाउँपालिका, महोत्तरीको जलेश्वर नगरपालिका, रौतहटको राजपुर नगरपालिकाको उजुरी सबै भन्दा बढी अख्तियारमा परेको छ ।*

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको सबै भन्दा बढी स्थानीय तह मधेश प्रदेशको रहेको पाइएको छ । जनप्रतिनिधिले जनताको विकासलाई सर्वोपरि राखेर काम गर्नुको साटो आफ्नो निजी लाभ लिन थालेपछि अनियमितता र भ्रष्टाचार मौलाएको छ । शिक्षा, स्वास्थ्यसहित मूलभूत आवश्यकतामा पछाडि रहेको मधेश प्रदेश अनियमिता र भ्रष्टाचारमा पनि ख्याति कमाइरहेको छ ।



अख्तियारले अनियमितता गर्नेमाथि कारबाही थालेपछि स्थानीय तहमा भ्रष्टाचारको स्वरुप र प्रवृत्ति फेरिएको छ, जसले अख्तियारलाई समेत छानबिन गर्न चुनौती देखिएको छ । कुनै पनि व्यक्तिले आफ्नो पदीय मर्यादाविपरीत गर्ने सबै किसिमका गैरकानूनी र अनैतिक क्रियाकलापहरूलाई भ्रष्टाचार भनिन्छ । तर जनताको हितलाई सर्वोपरि मानेर आएका जनताका प्रतिनिधि नै बढी भन्दा बढी अनियमिततामा लिप्त छन् ।

सरकारको अनियमिता र भ्रष्टाचारको छानबिन र अभियोजनसम्मको अधिकार पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने गरेको वार्षिक उजुरीको संख्यालाई हेर्ने हो भने सबै भन्दा बढी भ्रष्टाचार मधेश प्रदेशमा हुने गरेको देखाएको छ । यसले कतै न कतै जनप्रतिनिधि आफ्नो दायित्वबाट पन्छिएर अपारदर्शी खर्च गरिरहेको देखिएको छ । जनप्रतिनिधिहरु आफ्नो दायित्वप्रति गम्भीर नदेखिएकाले यस्तो समस्या आउने गरेको नागरिक समाजका अगुवाहरुको कथन छ ।

नागरिक समाजका अगुवा अमरचन्द्र अनिलले व्यक्तिमा सुशासनप्रतिको जवाफदेहिता र नैतिकता हराएका कारण अनियमितता र भ्रष्टाचार मौलाएको बताए । उनले भने, 'नैतिकयुक्त आचरण गरेको खण्डमा भ्रष्टाचार हुने सम्भावना नै रहने छैन । यसको अभाव जनप्रतिनिधिमा देखिएका कारण यस्तो समस्या आएको छ ।' अख्तियारले मुद्दा दर्ता गरेपछि सफाइ पाउने गरेपछि जनतामा नकारात्मक र ती व्यक्तिको समेत मनोबल बढ्ने गरेको उनले जिकिर गरे ।

निर्वाचित भएर आएका जनप्रतिनिधिले विभिन्न सिफारिसका नाममा समेत जनतासँग रकम माग्ने गरेका छन् । कतिपय जनप्रतिनिधि जनतासँग रकम माग्ने गरेको अवस्थामा पक्राउसमेत परेको घटनाले पुष्टि रहेको छ । मधेश प्रदेशको स्थानीय तहमध्ये बाराको पचरौता नगरपालिका, सुवर्ण गाउँपालिका, धनुषाको जनकपुरधाम उपमहानगरपालिका, पर्साको छिपहरमाई गाउँपालिका, महोत्तरीको जलेश्वर नगरपालिका, रौतहटको राजपुर नगरपालिकाको उजुरी सबै भन्दा बढी अख्तियारमा परेको छ । मधेश प्रदेशमा सबै भन्दा बढी उजुरी परेको घटनाले समेत मधेश प्रदेशमा सुशासन र पादर्शीता अभाव रहेको देखाएको छ ।

नेपाली कांग्रेसका नेता मनोज चौधरीले स्थानीय तहमा अनुगमन संयन्त्र बलियो भएको खण्डमा अनियमितताको अवस्थामा कमी आउने तर त्यसको अभाव देखिएको बतँए । सबैभन्दा बढी अपादर्शीताको अभाव देखिएको छ ।

मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयबारे बढी उजुरी परेको छ । अर्कातर्फ अख्तियारले भौतिक पूर्वाधार र विकासका नाममा हुने कार्यमा अयिनमितता छानबिन गर्न मुद्दा दायर गर्न थालेपछि स्थानीय तहमा भ्रष्टाचारको प्रवृत्ति समेत फेरिएको छ । अहिले अनावश्यकरुपमा अत्यधिक रकम खर्च गरेर डिपिआएर तयार गर्ने, कानूनले निर्धारण गरेको सुविधा भन्दा बढी सुविधा लिने गरिएको छ । जसलाई भ्रष्टाचार भएको स्थापित गर्नसमेत चुनौती अख्तियारलाई हुने गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवास कार्यालयका प्रमुख रामबहादुर कुरुम्बाङले स्थानीय तहमा मनपरी हिसाबले डिपिआर तयार गर्ने सुविधा अत्याधिक रुपमा रहेको बताए । त्यस विषयमा उजुरी पर्दा छानबिन गर्न कठिनाई हुने गरेको उनले बताए ।

मधेश प्रदेशमा दिनप्रतिदिन भ्रष्टाचार र अनियमितताविरुद्ध उजुरी पर्ने गरेको छ । स्थानीय तह र प्रदेश सरकार गठन भएपछि जनताको सेवासुविधामा सहजता आउनुको साटो अहिले अनियमितता र भ्रष्टाचार मौलाएको छ ।

अनियमितता बढेपछि अख्तियारको पासामा कतिपय जनप्रनिधि फसिसकेका छन् । तर अहिले आएर भ्रष्टचारको रुप फेरिएर उनीहरु डिपिआर, अत्याधिक सुविधा लिने कार्य गरेर भ्रष्टाचार र अनियमतता गरिरहेका छन् । यसलाई रोक्न अख्तियारको समेत टाउको दुखाइको विषय भएको छ । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०–८१ मा ७ सय ५३ वटै स्थानीय तहतर्फ १९ हजार १ सय ६ उजुरी परेको थियो । यी उजुरीमध्ये आर्थिक वर्ष २०७९–८० बाट ४ हजार ८ सय ४३ उजुरी फर्छ्यौट हुन बाँकी रहँदा सरेर आएको हो ।

अख्तियारको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०–८१ मा भ्रष्टाचारसम्बन्धी ३६ हजार १ सय ८६ उजुरी परेका छन् । ती उजुरीमध्ये ९ हजार २ सय ६८ उजुरी अघिल्लो आर्थिक वर्षबाट सरेर आएको हो । प्रतिवेदनअनुसार कुल भ्रष्टाचारमध्ये स्थानीय तहमा ५२.८० प्रतिशत हुने गरेको छ । ३६ हजार १ सय ८६ उजुरीमध्ये १९ हजार १ सय ६ वटा उजुरी स्थानीय तह सम्बन्धित रहेको प्रतिवेदनमा उल्लेख छ । '१२ हजार ६ सय २३ (३४.८८ प्रतिशत) वटा सङ्घ र ४ हजार ४ सय ५७ (१२.३२ प्रतिशत) वटा प्रदेश सरकारविरुद्ध उजुरी परेका छन्,' प्रतिवेदनमा उल्लेख छ ।

# प्रदेशमा भएका राजनीतिक नियुक्ति समीक्षा गर्न समिति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको सत्ता गठबन्धनले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५१ लाख रुपैयाँ दिन मधेश प्रदेश सरकारलाई आग्रह गरेको छ । शुक्रबार बसेको प्रदेश सत्ता गठबन्धनको बैठकले असोज १२ र १३ गते लगातार र तीव्र वर्षाका कारण आएको बाढीपहिरो र डुबान प्रभावित परिवारलाई राहत दिनेगरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई रकम दिन सरकारसँग आग्रह गरेको हो ।

सत्ता गठबन्धनको सोही बैठकले प्रदेश सरकार मातहतमा रहेका संस्था, संयन्त्र र निकायमा राजनीतिक नियुक्ति प्राप्त गरेका पदाधिकारीहरूको संख्या, नियुक्त पदाधिकारीका कार्यअवधि, कामकाजको प्रभावकारिताका विषयमा अध्ययन, विश्लेषण र मूल्यांकन गर्नेगरी एक समितिसमेत गठन गरेको छ । मधेश प्रदेश सभामा लोसपा नेपालको संसदीय दलका उपनेता उपेन्द्र महतोको संयोजकत्वमा गठित समितिमा नेकपा एमालेका तर्फबाट प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोदकुमार जायसवाल, नेपाली कांग्रेसका तर्फबाट ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव र जनमत पार्टीका तर्फबाट प्रदेशसभा सदस्य सञ्जयकुमार यादव सदस्य छन् ।

यस्तै, सिमलताल बस दुर्घटनाका मृतकका परिवारलाई मधेश सरकारले जनही एक लाख रुपैयाँ दिने भएको छ । चितवनको सिमलताल बस दुर्घटनामा परी मृत्यु भएका मृतकका परिवारलाई मधेश प्रदेश सरकारले एक लाख रुपैयाँको चेक हस्तान्तरण गरेको हो । करिब तीन महिनापछि सिमलताल बस दुर्घटनामा ज्यान गुमाएका परिवारलाई शुक्रबार चेक हस्तान्तरण गरिएको मुख्यमन्त्री सतिश सिंहले जानकारी दिए ।

उनका अनुसार प्रदेशका चार जिल्लाको ३९ जना मृतकका परिवारलाई जनही एक लाख रुपैयाँको दरले चेक हस्तान्तरण गरिएको हो । मुख्यमन्त्री सिंहले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीले सनाखत गरेर पठाएको विवरणका आधारमा चेक वितरण गरिएको बताए । सिमताल दुर्घटनामा पर्साबाट १०, बाराबाट ६, रौटहटबाट १९ र सर्लाहीबाट ४ जनाले ज्यान गुमाएका थिए ।

# राजदेवीसहितका मन्दिरमा श्रद्धालुको घुइँचो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दु धर्मावलम्बीको पर्व दशैंको रमझम देशभर छ । विशेष गरेर प्राचीन मिथिलाको राजधानी जनकपुरमा भने दशैँको रौनकता निकै बढी देखिएको छ । स्थानीय युवाहरुको सक्रियता बढेसँगै जनकपुरको प्रमुख शक्तिपीठहरु भव्यरुपमा सजाइएको छ भने बिहानैदेखि पूजाका लागि श्रद्धालुको घुइँचो लाग्ने गरेको छ ।

जनकपुरधामको प्रमुख शक्तिपीठ राजदेवी मन्दिर, बौधीमाई मन्दिर, विद्यापति चोकस्थित दुर्गा मन्दिर, रामानन्द चोकमा दशैँका लागि सिंगारिएका छन् । राजदेवी मन्दिरलगायतका मन्दिरमा बिहानैदेखि भक्तजन पूजाअराधनाका लागि पुग्ने गरेका छन् । जनकपुरधामको प्रमुख शक्तिपीठ राजदेवी मन्दिरलाई दुलहीझैँ सिँगारिएको छ । दोस्रो दिन श्रद्धालुहरुले ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरेका छन् ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवी स्तोत्र पाठ समेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष पूजा आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ ।

संसारका मुमुक्षु प्राणीलाई सच्चिदाननद रुप ब्रह्मको बोध गराउनका लागि निरन्तर लागिरहने मान्यतामा नवदुर्गा मध्येको दोस्रो देवीलाई ब्रह्मचारिणी भनिएको हो । ब्रह्मचारिणीको हातमा कमल, अक्षमाला र कमण्डलु बनाइनुपर्छ भन्ने विधान छ ।

**निःशुल्क लोक सेवा, शिक्षक सेवा आयोग तथा शिक्षक लाईसेन्सको तयारी कक्षा सञ्चालन सम्बन्धी सुचना !!**

लोक सेवा आयोग, शिक्षक सेवा आयोग तथा शिक्षक लाईसेन्सको लागि मधेश प्रदेशको प्रत्येक गाउँपालिका, नगरपालिका, उपमाहानगरपालिका तथा महानगरपालिकाको हरेक पालिकाको हरेक वडाबाट एक जना पुरुष र एक जना महिला गरि जम्मा १३६ पालिकाबाट २५४२ जनालाई निःशुल्क तयारी कक्षा प्रदान गरिने हुदाँ मिति २०८१/०६/१७ गते देखि मिति २०८१/०७/०१ गते सम्म अनलाईन / अफलाईन फारम भरी आफ्ना सिट सुरक्षित गर्नु हुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अपाङ्ग, गरिव, दलित, जेहेन्दार तथा सहिद परिवारलाई विषेश प्राथमिकता दिइने छ ।**

कार्यक्रम:
छनौट नामाङ्कन सुची प्रकाशन २०८१/०७/०३ गते
निःशुल्क अनलाईन कक्षा सञ्चालन २०८१/०७/०४ गते देखि
आवश्यक कागजाहरु:-फोटो, नागरिता, शैक्षिक योगता प्रमाण पत्र, समावेशी
विशेष जानकारीको लागी सम्पर्क नं. ९८०१६२८००१, ९८४४१६२९४७
नोट: नामाङ्कन सुची र कक्षा सञ्चालन सम्बन्धी सुचना Dhanusha Coaching & Training Centre Pvt. Ltd. को Facebook पेजमा प्रकाशन हुने छ ।

**धनुषा कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि.**
जनकपुरधाम-४, मुरली चौक, धनुषा




**नेशनल मेडिकल कलेज प्रा.लि.**
वीरगंज, पर्सा
फोन नं.०५१-५९१०१४, ५९१३२०, ९८४५४३०५२६

**क्यान्टिन संचालन गर्ने सम्बन्धमा सिलबन्दी प्रस्ताव आह्वान सम्बन्धी सूचना**

प्रकाशित मिति २०८१/०६/१९

उपरोक्त सम्बन्धमा यस नेशनल मेडिकल कलेज प्रा.लि. वीरगंज स्थित क्यान्टिन (मेश) संचालन गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्ति फर्म/संस्था/प्रा.लि. ले प्रा.लि. लाई तिर्ने भ्याट सहितको शर्तहरुको अधिनमा रहने गरी रीत पूर्वकको सिलबन्दी प्रस्ताव (टेण्डर) आह्वान गरिएको छ ।

१. सिलबन्दी टेण्डर प्रस्ताव खरिद गरी इच्छुक फर्महरु संस्था/प्रा.लि. रु.१,०००।०० (रु.एक हजार मात्र) (फिर्ता नहुने गरी) कुमारी बैंक लि.स्थित खाता नं.**0030003798100055** मा जम्मा गरी सो को सक्कल बैक भौचर सहीत पेश गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा सिलबन्दी फर्म खरिद गर्न सकिने छ ।
२. सिलबन्दी प्राप्त टेण्डर प्रस्ताव यो सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० (**वारह**) बजे, यस नेशनल मेडिकल कलेज प्रा.लि.को नाममा पेश गर्नेको नाम, ठेगाना र फोन नम्बर उल्लेख गरी छाप लगाई सिलबन्दी लाहाछाप लगाई रकमको विवरण समेत उल्लेख गरी यस कलेजमा दर्ता गराउनुपर्नेछ । दर्ता भएका टेन्डरहरु सोहि दिनको १:०० बजे टेन्डरदाता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहबरमा खोलिनेछ । टेन्डरदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
३. टेन्डर फारममा आफुले कलेजलाई दिने मासिक भाडा र विभिन्न खाने कुराहरुको मेनु मुल्य सहित उल्लेख गरि, कतिमा खुवाउन सकिन्छ अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षर रकममा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।
४. म्याद नाघेको वा रीत नपुगेको टेन्डर उपर कुनै कारवाही गरिने छैन ।
५. टेन्डर स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कलेजमा सुरक्षित रहनेछ ।
६. अन्य थप केहि कुरा बुझ्नु परेमा कलेजको कार्यालय समयमा आई सम्पर्क गरि बुझ्न सक्नु हुनेछ ।

# मिथिलाको तन्त्र पुजन नृत्य झिझिया



वीरेन्द्र रमण

*समाजमा उपासनाको विभिन्न विधि र पद्धति हुने गरेको छ । जसले समाजलाई अगाडि बढाउने गरेका छन् । केही उपासनाहरु वैदिक परम्परा अनुसारले हुने गरेको छ भने केही उपासना लोक परम्पराको आधारमा समेत निर्माण गरिएको हुन्छ । वास्तवमा समाजलाई अगाडि बढाउन वैदिक र लोक दुवै परम्पराको आधारमा अगाडि बढाउने गरिएको छ । यीनै मध्ये एक हुन झिझिया नृत जसलाई कतिपयले लोक अनुष्ठानको रुपमा लिने गरेका छन् भने केहीले यसलाई तन्त्र विद्याको रुपमा लिने गरेको छ । यस परपम्पराको सुरुवात र वर्तमान अवस्थाको विषयमा चर्चा गर्ने छौं तर हाम्रो समाजमा तन्त्र विद्याको महत्व बुझ्नुपर्ने सबै भन्दा पहिलो जरुरी रहेको  छ ।*



नेपाली समाजको धार्मिक, सांस्कृतिक एवं सामाजिक परम्परामा वैदिक मूल्य, मान्यता र आदर्शको जति प्रभाव रहेको छ त्यति नै प्रभाव तान्त्रिक मूल्य, मान्यता र आदर्शको पनि रहेको छ। नैगमिक वैदिक) र आगमिक तान्त्रिक) दुवै परम्पराको समन्वय नेपाली समाजमा भेटिन्छ ।ठाउ अनुसारले फरक भएपनि समाजमा यसको प्रभाव निकै गहरिएर परेको देखिन्छ । अहिलेको समाज आधार वा विकास यसै गरि भएको देख्न सकिन्छ। अझ गहिरिएर विचार गर्ने हो भने नेपाली समाजमा तन्त्र एवं तन्त्रवादको प्रभाव नै अधिक रहेको हामी पाउँछौं । धार्मिक एवं सामाजिक परम्परा र रीतिस्थितिहरू आगम वा तन्त्रबाट नै बढी निर्देशित रहेको स्पष्ट देख्न सकिन्छ तर तन्त्रसम्बन्धी ज्ञानको अभावमा यसलाई हेर्ने दृष्टिकोण भने सन्तोषजनक पाइँदैन । यसै पृष्ठभूमिमा यस अध्यायमा तन्त्रको अर्थ र तात्पर्य, तन्त्रको उद्भव, तन्त्रको व्यापकता, तान्त्रिक वाङ्मयको सङ्क्षिप्त परिचय एवं वर्गीकरण आदि विषयवस्तुमाथि प्रकाश पार्ने जमर्को गरिएको छ।

विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने संस्कृतको ’तन’ धातुमा ष्टुन’ प्रत्यय लागेर तथा कुटुम्बको भरणपोषण गर्ने अर्थमा प्रयोग हुने ’तषि’ धातुमा ’घञ्’ प्रत्यय लागेर ’तन्त्र’ शब्द बन्दछ सर्वप्रथम ’तन्व’ शब्दको प्रयोग ऋग्वेदमा पाइन्छ जहाँ उक्त शब्द धागो काले चर्चाको अर्थमा प्रयोग भएको छ र अथर्ववेद तथा तैत्तिरीयवाहमणमा पनि सोही अर्थमा ’तन्त्र शब्दको प्रयोग गरिएको छ । आपस्तम्बश्रौतसूत्रले ’तन्त्र’ शब्दलाई धेरै खण्ड भएको विधिको अर्थमा प्रयोग गरेको छ । शाङ्खायनश्रौतसूत्रले ’तन्त्र’ लाई त्यस्तो कर्मको अर्थमा लिएको छ जुन एकपटक गरेपछि त्यसले अन्य विभिन्न कर्महरूको उपयोगितालाई सिद्ध गर्दछ ।  यजुर्वेदमा गहनाविशेष, वस्वविशेष तथा यज्ञको अर्थमा ’तन्त्र’ शब्दको प्रयोग भएको छ।

बेदका कर्ता ब्रह्माजी हुन् भने शैष र शाक्त तन्त्रपरम्परामा तन्त्रका कर्ताचाहिं शिवजी हुन् ।जसको विषयमा तन्त्र चिन्तामणीमा उल्लेख गरिएको छ । यसले समेत समाजमा आज देखि हैन कि पुरापुर्वकाल देखि नै यो चल्दै आएको एक प्रकारले परम्परा जस्तै भएको छ।

वैदिक वाङ्मय तान्त्रिक वाङ्मय पनि बोधात्मक र बागात्मक भेदले हुई प्रकारको छ । तान्त्रिक बाङ्मयका आविर्भावक परम शिव ओनिशक्ति र क्रियाशक्तिले युक्त छन् । परम शिवको ज्ञानशक्ति पर र अपर भेदले दुई प्रकारको छ । परज्ञान बोधरूप छ भने अपर ज्ञान वाणीरूप छ । सोही वाणीरूप अपर ज्ञान नै शास्त्रका रूपमा प्रतिष्ठित हुन्छ । बोधरूप



परज्ञान नै वाणीरूप भएर अर्थप्रकाशनमा समर्थ हुन्छ । जसरी बेद श्रुतिपरम्पराबाट अनादिकालदेखि लोकमा प्रचलित छ त्यसरी नै तन्त्र पनि गुरुपरम्पराबाट लोकमा प्रचलित छ।

ऐतिहासिक विकासवादी सिद्धान्तका अनुसार तन्त्रको उत्पत्ति कालकमिक विकासको परिणामस्वरूप भएको हो । तन्त्रका आधुनिक चिन्तक तथा अनुसन्धानकर्ताहरू सिन्धुघाँटीको सभ्यतालाई केन्द्रमा राखेर तन्त्रको उत्पत्तिको अनुमान गर्दछन् । सिन्धुघाँटीको मोहन–जो–दडो र हडप्पासभ्यताका जति पनि मूर्ति, चित्र तथा अवशेषहरू प्राप्त भएका छन् तिनमा शक्ति, शिवलिङ्ग वा तन्त्रसँग सम्बद्ध यन्त्रका चित्रहरू नै प्रमुख रहेका छन् । पुरातत्त्ववेत्ताहरूका अनुसार सिन्धुघाँटीको सभ्यता लगभग तीनहजार वर्ष ईसा ईसापूर्वको हो । तीन हजार वर्ष ईसापूर्व सिन्धुघांटीका आदिवासीहरूमा तान्त्रिक प्रयोग प्रचलित थियो । पाश्चात्य विद्वान् फिलिप रसन (ई.सं. १९८९ को मतमा २००० वर्ष ईसापूर्वका यूरोपका पुरापाषाणकालिक विशाल गुफाहरूमा यस्ता प्रतीकहरू भेटिएका छन् जुन आधुनिक युगका तान्त्रिकहरूद्वारा प्रयोग गरिने प्रतीकहरूजस्तै छन् । जेम्स जे. प्रिन्स्टन (ई.सं. १९८०) को मतमा देवीपूजाको प्रमाण ३०,००० वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ । प्राचीनकालदेखि नै आदिम मनुष्यहरूमा अभिचारात्मक षट्कर्म (मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण), पन्चमकार (मच, मांस, मत्स्य, मुद्रा र मैथुन। आदिको प्रयोग प्रचलित थियो।

यीनै परम्पराको आधारमा विकास हुदै विभिन्न तन्त्र परम्पराको रुपमा विकास भएको छ । झिभmिया नृतलाई समेत तन्त्र परम्पराको एउटा आधारको रुपमा भन्ने गरिन्छ। किन भने यसले यसको विषयमा जे जति चर्चाहरु र जानकारीहरु पाइन्छ ती सबै यसकै विषयमा जानकारी दिने गरिन्छ। वास्तवमा यो हाम्रो समाजमा देखिएको नाकारात्मक शक्तिको विषयमा सकारात्मक उर्जाको विषयमा गरिने कार्य हो । जो आज देखि नै परम्परा देखि नै चल्दै आएको छ।

मिथिलाञ्चलमा प्रचलित लोक नृत्यमध्ये झिझिया विशिष्ट प्रकृतिको नृत्य हो। जुन दसैंका बेला प्रदर्शन गरिन्छ । पूर्ण तान्त्रिक विधिअनुसार गरिने यो नृत्यको मिथिलामा परम्परादेखि चलिआएको छ ।यसले यसै विषयमा जानकारी समेत दिने गरेको पाइन्छ । समाजिक रुपमा यस तर्फ यसले ईकित समेत गर्ने गरेको छ । वास्तवमा हाम्रो समाजमा



देखिएको नकारात्मक उर्जालाई समाप्त पार्नको लागि यस किसिमको नृतहरु ह्ुने गरेको छ । जसले समाजमा सकारात्मक उर्जाको प्रवाह गर्ने गरेको छ।

घटस्थापनादेखि विजया दशमीसम्म देवी स्तुतिको रुपमा यो नृत्य गरिन्छ। सन्तान र समाजको सुरक्षाका लागि यो नृत्य गर्ने गरिएको जनविश्वास छ। जादु, टुनामुना, बोक्सी आदिको प्रभाव कम गर्न यो अनुष्ठान प्रारम्भ गरिएको मानिन्छ।

बलिरहेको दियो तथा असंख्य प्वाल पारिएको घैंटो त्यसकै नमुना हुन् । टाउकामा राखेर नृत्य गर्ने महिलाद्वारा टाउकोको दायाँबायाँ हल्लाइरहने प्रवृत्तिले यसमा रहेको विशेष अर्थलाई संकेत गर्दछ। महिलाको टाउकोमा राखिएको घैंटोको प्वाल कुनै बोक्सीले गन्न सफल भइनन् भने नाच्ने महिला ठहरै हुने जनविश्वास रहेको छ । त्यसै कारण सो घैंटो टाउकोमा राखेर नृत्य गरिन्छ।

घैंटोमाथि बल्दै गरेको आगोको डल्लो लिएर नृत्य गर्नु आफैंमा साहस र कलाको अलौकिक प्रदर्शन झिझिया नृत्य हो । समाज रुपान्तरणको सँगै लोकनृत्यहरु गायब हुन थालेका छन्। तैपनि गाउँघर तथा सहर बजारमा यसलाई जीवन्त राख्नका लागि भए पनि वर्षेनी झिझिया नृत्यको आयोजना गरिन्छ।

विगतका दशकमा तराई क्षेत्रमा बोक्सी प्रकरण व्यापक हुने गरे पनि हालका दिनमा केही कम भए पनि निमिट्यान्न भने हुन सकेको छैन।

सातौं वा आठौं शताब्दीमा बोक्सीको जगजगी भएका बेला त्यसविरुद्ध प्रतिकार गर्न अनौठो नाच नाच्ने परम्परा सुरु भएको इतिहासकारहरु बताउँछन् ।

मिथिला क्षेत्रको गाउँघरमा मात्र होइन सहरबजार पनि झिझिया नृत्य नाच्ने गरिन्छ। यस नाचको उद्देश्य देवी दुर्गाको उपासना पनि हो। झिझिया नाच्दै गाइने गीतमा बोक्सीलाई गाली गरी भगवती दुर्गाको स्तुति गाइएको हुन्छ।

झिझिया नृत्यको प्रारम्भ घट नृत्यको परम्पराबाट सुरु भएको छ। वैदिक परम्पराको रुपमा रहेको घट नृत्य नै कलान्तरमा गएर मिथिलामा झिझिया नृत्यको स्वरुप धारण गरेको मानिन्छ । यसका साथै यो नृत्यमा तान्त्रिक विधिको विशेष महत्व रहेको छ र यो मिथिलाको लोक परम्पराको रुपमा विस्तारै विकास हुन पुग्यो।  झिझिया नाच्नुअघि नयाँ घैंटोलाई सफा गरी घैंटोभरि प्वाल बनाइन्छ । घैंटोको मुखमा राखिएको ढकनामा आगो सल्काइन्छ । त्यसमा मट्टितेल हालेर बालिन्छ। त्यसपछि टाउकोमा राखेर नृत्यका लागि झिझिया तयार हुन्छ। तर, टाउकोमा राखी नृत्य गर्नुपूर्व झिझियालाई कुनै गुणी ओझाबाट मन्त्रद्वारा सिद्ध पारिन्छ।

वैदिक, लोक तथा तान्त्रिक परम्पराको मिश्रणले महान सन्देश दिँदै आइरहेको छ।

जो मिथिलाको समाजमा परम्परा देखि चल्दै आएको एउटा परम्परा समेत हो। अहिले यो कता कता हराउन थालिएको भएपनि यो परम्परा भने अहिलेपनि चल्दै आएको छ।

सन्दर्भ श्रोत

१.नेपाली समाजमा तन्त्र परम्परा
२.साहित्यकार राजेन्द्र विमलसंग कुराकानी
३.जयन्त ठाकुर नेपाल समय

वैभव मधेशदृष्टि

२०८१ साल असोज १९ गते शनिबार
Saturday 05, October 2024

# अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख भाषा



"
*शिक्षणको माध्यम भाषा मातृभाषा हुँदा बालबालिकाले सजिलोगरी बुझ्न र सिक्न सक्छन्। छिटो संज्ञानात्मक र बौद्धिक विकास हुन्छ । उच्च शैक्षिक सफलता दरसहित अतिरिक्त लाभका रूपमा मातृभाषाको विकास हुन्छ ।*

**प्राडा योगेन्द्रप्रसाद यादव**

भाषा मानवजातिको अद्वितीय सम्पत्ति हो । भाषाले नै मानवजातिलाई अन्य प्राणीबाट अलग बनाउँछ। मानवजातिको विकासको इतिहास केलाउने हो भने भाषा नै सर्वश्रेष्ठ उपलब्धि मानिन्छ किनभने परिष्कृत भाषा प्रणाली र प्रकार्यको वैज्ञानिक संरचना अत्यन्त जटिल प्रक्रिया हो । सञ्चारको प्रमुख माध्यम, सोच्ने तरिका, मानिसमाझ अन्तरसम्बन्ध स्थापित गर्ने कडी, संस्कृतिको धरोहर, शिक्षाको माध्यम, व्यापारको संवाहक र सूचना प्रविधिको अपरिहार्य साधन भएकाले मानवजातिका लागि भाषा सर्वोत्कृष्ट संसाधन मानिन्छ। भाषाको परिष्कृत र जटिल प्रणाली विश्लेषण गर्न एउटा गम्भीर वैज्ञानिक विधाका रूपमा भाषाविज्ञान विकास भएको हो, जसको लामो इतिहास छ । र विश्वमा करिब तीन दर्जनभन्दा बढी भाषावैज्ञानिक सिद्धान्त प्रतिपादित छन् ।

**सैद्धान्तिक अनुसन्धान**

अनुसन्धानमा सिद्धान्तको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले सम्बन्धित विषयको वर्णन गर्नुका साथै उक्त विषयको गहिराइमा गएर सत्यतथ्य बुझ्ने र कारणसमेत स्पष्ट पार्ने प्रयास गर्छ । तसर्थ, विश्वविद्यालयस्तरीय अनुसन्धान सामान्यतः सिद्धान्त–सञ्चालित हुनुपर्छ । मेरो पीएचडी पनि अनुसन्धान सिद्धान्तमा आधारित छ । विश्वकै सर्वश्रेष्ठ मानिने भाषाशास्त्री प्राध्यापक नोम ए चोम्स्कीद्वारा प्रतिपादित 'ट्रान्फर्मेसनल जेनेरेटिभ ग्रामर'को तत्कालीन सबैभन्दा प्रभावशाली संस्करण 'थिएरी अफ गभर्मेन्ट एन्ड बाइन्डिङ'को ढाँचाका आधारमा मातृभाषा मैथिलीलगायत अन्य केही भाषाका वाक्यको विश्लेषण गरेको छु । यस अनुसन्धानमा यी भाषातथ्यका आधारमा प्रतिपादित भाषावैज्ञानिक सिद्धान्तको अनुभवजन्य पर्याप्तता या यथार्थको परीक्षण गर्दा ती सिद्धान्तमा केही आवश्यक तात्त्विक परिवर्तन गर्नुपर्ने कुरा प्रस्ताव गरेको छु ।

यो पीएचडी अनुसन्धानपश्चात् समय–समयमा नेपाली, मैथिली र अन्य केही भाषाका तथ्यका आधारमा चोम्स्केली सिद्धान्तको नवीनतम संस्करण (मिनिमालिस्ट थिएरी)को निरूपण कार्यमा व्यक्तिगत या समूहगत रूपमा संलग्न रहँदै आएको छु । मैथिलीको क्रिया 'मेलरसंगति' अन्य कुनै पनि भारतीय आर्यभाषाको तुलनामा सबैभन्दा जटिलमध्ये एक हो। यस भाषामा कर्ता र कर्ता–इतर उद्देश्य, अन्य मुख्य युक्ति र गैरयुक्ति पनि क्रियासँग सन्दर्भित छन् ।

**जनगणना र भाषिक विविधता**

थुप्रै भाषा एवं भाषिकाले सुसज्जित दक्षिण एशिया विश्वकै अत्यधिक बहुभाषी क्षेत्र हो । दक्षिण एशियामा क्षेत्रफलमा सानो हिमाली राज्यका रूपमा अवस्थित नेपाल पनि बहुभाषिकताबाट वञ्चित छैन। विगतका आठ वटा जनगणना (२००९÷११–२०७८)मा भाषा संख्या निर्धारणको स्थिति यस प्रकार छः ४४ (२००९÷११०), ३६ (२०१८), १७ (२०२८), १८ (२०३८), ४१ (२०४८), ९२ (२०५८), १२३ (२०६८) र १२४ (२०७८) । नेपालमा बोलिने भाषाको संख्यामा आएको यस्तो उल्लेख्य वृद्धिका विभिन्न कारण छन् ।

२०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि आदिवासीलगायत भाषिक अल्पसंख्यक समुदायमा आफ्नो मातृभाषाप्रतिको जागरणमा निरन्तर वृद्धि भएको छ । तिनका जातीय संस्थाले आफ्नो भाषा तथा सांस्कृतिक पहिचानको संरक्षण र संवर्द्धनमा जागरण ल्याउन सक्रिय भूमिका खेलेका छन् । जनगणनापछि भाषाहरूको राम्ररी पहिचान गर्न केही भाषाविद्सँग पनि सल्लाह लिइएको थियो । नेपालका भाषा सन्दर्भमा देखिएको यो




अनिश्चितता र अघिल्ला पाँच जनगणनामा घटेको संख्याका कारणमध्ये मातृभाषाका वक्तामा मातृभाषाको महत्त्वका बारेमा जागरण, ज्ञान एवं आवश्यक सूचनाको अभाव तथा पञ्चायत काल र त्यसअघि राज्यले लिएको 'एक राष्ट्र एक भाषा' नीतिलाई मुख्य मान्न सकिन्छ ।

अन्तरनिर्भरताको सिद्धान्तअनुरूप नेपालमा बृहत् सांस्कृतिक, पर्यावरणीय तथा जैविक विविधतासँगै भाषिक विविधता पनि विद्यमान छ । नेपालका भाषाहरूमध्ये अधिकांश पूर्ण रूपमा वा मुख्य रूपमा नेपालमा बोलिन्छन् भने वर्तमान कामकाजी भाषा नेपालीसहित करिब ४० वटा भाषा भारत र अन्यत्रसमेत गरी एकभन्दा बढी मुलुकमा 'अन्तरसीमावर्ती भाषा'का रूपमा बोलिन्छन् ।

कुसुन्डा भाषाबाहेक २०५८ को जनगणनामा उल्लेख भएका नेपालका भाषाहरू चार भाषा परिवारसँग सम्बन्धित छन् – भारोपेली, चीन–तिब्बती, आग्नेशियाली र द्रविड । कुसुन्डा भने अहिलेसम्म पारिवारिक सम्बन्ध निश्चित गर्न नसकिएको एकल भाषा हो ।

कुनै पनि राष्ट्रले भाषिक विविधतालाई अनावश्यक समस्या नठानेर एउटा वरदानका रूपमा लिनुपर्छ (रोबिन्सन २००३ ई.) । भाषालाई सामाजिक संसाधनका रूपमा लिन सकिन्छ, जसको उचित परिचालनबाट राष्ट्रिय संस्कृतिको संरक्षण र सम्वर्द्धन, शिक्षामा सहजता र लोकप्रियता, विभिन्न भाषिक समुदायबीच पारस्परिक सम्पर्कको अभिवृद्धि सम्भव छ । यस स्रोतको पूर्ण उपयोगका लागि विकासलक्षित अन्य कार्यक्रमजस्तै 'भाषा विकास' पनि योजनाबद्ध रूपमा हुन आवश्यक देखिन्छ । यसै उद्देश्यअनुरूप त्रिभुवन विश्वविद्यालय, भाषाविज्ञान केन्द्रीय विभागले नेपालको भाषिक सर्वेक्षणअन्तर्गत समाज–भाषावैज्ञानिक अध्ययन सम्पन्न गरेको छ ।

**अभिलेखीकरण**

नेपालका केही भाषाहरूको मात्र समृद्ध लेख्य परम्परा छ । तिनमा नेपाली, मैथिली, तिब्बती र शेर्पा, नेवार, लिम्बू, भोजपुरी, अवधि र लेप्चा मुख्य छन् । यी सबैको लिखित साहित्यको लामो परम्परा छ र यी भाषा विभिन्न लिपिमा लेखिन्छन् । नेपालका अधिकांश भाषा कथ्य रूपमै सीमित छन् । नेपालका हरेक भाषामा लामो समयदेखि मौखिक परम्परामा पुरानोबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएका लोककथा, लोकगीत जस्ता लोकसाहित्यिक सम्पदाको समृद्ध भण्डार छ । साक्षरतामा वृद्धि र भाषा प्रसारणसँगै यस्ता सामग्री लोप हुँदै गइरहेका छन् । यसैले लोप हुनुअघि नै यिनको अभिलेखीकरण गरेर भावी पुस्ताको लागि सुरक्षित राख्ने काम गर्न ढिलो भइसकेको छ ।

भाषा अभिलेखीकरण भन्नाले सामान्यतया कुनै भाषाका पाठसंग्रह, व्याकरण, शब्दकोश र शब्दसूची निर्माण बुझिन्छ । नेपालमा अभिलेखीकरण भएका भाषाहरूको संख्या ज्यादै न्यून पाइएको छ । तर गत दशकदेखि त्रिवि, भाषाविज्ञान केन्द्रीय विभाग, नेपाल प्रज्ञाप्रतिष्ठान मातृभाषा विभाग, भाषा आयोग, आदिवासी–जनजाति विकास प्रतिष्ठान, मदन पुरस्कार पुस्तकालय संलग्न भाषा प्रविधि केन्द्रलगायत संस्थाहरूको संलग्नतामा विभिन्न भाषामा अध्ययन–अनुसन्धानको गतिविधि बढेकाले बहुभाषिक शब्दकोश र व्याकरणको संख्या बढ्ने क्रममा देखिन्छ ।

मदन पुरस्कार पुस्तकालय, त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभाग र काठमाडौँ विश्वविद्यालय कम्प्युटर विज्ञान र इन्जिनियरिङ विभाग जस्ता तीन वटा संस्थाले गरेको सहकार्य हो भाषा प्रविधि केन्द्र । यी तीन संस्थाले सन् २००४ देखि विभिन्न भाषा प्रविधिको अध्ययन अनुसन्धानमा सँगै मिलेर काम गरेका छन् ।

यी अध्ययन अनुसन्धानमध्ये प्यान स्थानीयकरण पनि एक हो । यस्तै, भाषा सञ्चार मदन पुरस्कार पुस्तकालय तथा त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागको सहकार्यमा सम्पन्न भएको थियो। यस अनुसन्धानमा ओपन युनिभर्सिटी– यूके, ल्यान्कास्टर युनिभर्सिटी– यूके, गोटेनबर्ग युनिभर्सिटी–स्वीडेन, इएलआरए–फ्रान्सजस्ता धेरै अन्तर्राष्ट्रिय साझेदार थिए ।

यो योजनाअन्तर्गत एक करोड ४० लाख शब्दको नेपाली राष्ट्रिय पाठसंग्रह निर्माण गरिएको छ। यसमा नेपाली भाषाका कथ्य र लेख्य दुवै प्रकारका पाठ समावेश छन् । संग्रहित सबै पाठलाई युनिकोडमा परिवर्तन गरी तिनको संकेतन गरिएको छ । यस पाठसंग्रहमा आधारित शब्दकोशीय र व्याकरणिक अनुसन्धान गर्ने कार्य हुँदै आएको छ । सूचना तथा भाषा प्रशोधन अनुसन्धान प्रयोगशाला (केयू) ले मदन पुरस्कार पुस्तकालयसँगको सहकार्यमा अंग्रेजीबाट नेपाली वेबमा आधारित मेसिन ट्रान्सलेसन, दोभासे सञ्चालन गरेको थियो । यसका अतिरिक्त, भाषा प्रविधि केन्द्रले भविष्यमा अन्य केही भाषा प्रशोधनसँग सम्बन्धित कार्य गर्ने लक्ष्य राखेको छ ।

संकटग्रस्त भाषा संरक्षणमा डिजिटल डकुमेन्टेसन अत्यन्त सहयोगी हुन्छ । उदाहरणका लागि युनिभर्सिटी अफ लन्डनको प्राविधिक सहयोगमा त्रिवि भाषाविज्ञान विभागले बराम भाषाको डिजिटल डकुमेन्टेसनअन्तर्गत यस भाषाको पाठसंग्रह, व्याकरण, शब्दकोश र संस्कृतिसम्बन्धी अध्ययन प्रस्तुत गरेर भाषाको संरक्षणमा योगदान गरेको छ । यस्तै किसिमका कार्यहरू पुमा–छिन्ताङ, मनाङे÷न्यासाङ्ते, ग्याल्सुम्दो, मनाङ÷गुरुङ र नार–फु आदि अल्पसंख्यक भाषामा पनि भएका छन् ।

**भाषाको लोप र संरक्षण**

भाषा निरन्तर हुनेतर्फ उन्मुख हुन्छ । एकातिर सशक्त भाषाहरू हुन्छन् भने अर्कातिर मृतप्रायः वा मृतभाषा हुन्छन् र, दुवैका बीचमा अन्तर्सम्बन्धित क्रमका भाषाहरू रहन्छन् । हालसालै नेचर इकोलोजी एन्ड इभोल्युसन (२०२१) जर्नलमा लिन्डेल ब्रोम्ह्याम र अन्य अनुसन्धानकर्ताहरूले विश्वमा भाषाको लोपोन्मुखताबारे निम्न तथ्य औँल्याएका छन् ।

–भाषाहरू लोप हुने मुख्य कारण यातायातको वृद्धिले गर्दा मानिसको बसाइँसराइमा तीव्रता र मातृभाषाइतर भाषाका माध्यमबाट दिइने दीर्घकालीन औपचारिक शिक्षा हुन् ।

–आगामी ४० वर्षमा भाषाको लोप हुने दर तीन गुणाले बढ्छ ।

–प्रत्येक दुई हप्तामा एउटा भाषाको लोप हुन्छ ।

–यो शताब्दीको अन्त्यसम्म संसारभरिका १५०० भाषाहरू लोप हुनेछन् ।

नेपालका अधिकांश भाषाहरू सङ्कटग्रस्त कोटीमा र केही सशक्त कोटीमा पर्छन्। अधिकांश संकटग्रस्त भाषाको लेख्य परम्परा छैन र, ती भाषा कुनै न कुनै रूपमा एक पीढीबाट अर्को पीढीमा सर्दै मौखिक कुराकानीमा सीमित छन् । यस्ता अल्पसंख्यक भाषा सीमान्तकृत भएकाले लोप हुने स्थितिमा पुग्न सक्छन् । तर, भारतको सीमामा बोलिने कतिपय साझा भाषा अन्य मुलुक वा क्षेत्रमा बोलिने भएकाले यी भाषाका वक्ता नेपालमा अल्पसंख्यक भएतापनि सङ्कटग्रस्त भने भन्न मिल्दैन ।

२०७८ को जनगणना अनुसार १२४ भन्दा बढी भाषामध्ये करिब २० वटा भाषा कुल जनसंख्याको ९७ प्रतिशतले बोल्छन् भने १०४ भन्दा बढी भाषा तीन प्रतिशतले बोल्छन् । न्यून बोलिने भाषाभाषीहरू छिटो लोप हुन सक्ने भएकोले तिनको संरक्षण अत्यावश्यक छ ।

**शिक्षामा भाषा प्रयोग**

संकटग्रस्त भाषाको संरक्षणका लागि ती भाषालाई शिक्षामा प्रयोग गर्नु अनिवार्य देखिन्छ । शिक्षा नै प्रयोगको सरल र सशक्त माध्यम हुन सक्छ । आज विश्वमा कुल ७,१६४ भाषा बोल्ने गरिन्छ (एथ्नोलग २०२४) । यी मध्ये दुई तिहाइ भाषा एसिया र प्रशान्त क्षेत्रमा बोलिन्छन् । एसिया र प्रशान्त क्षेत्रका धेरै देशले पाठ्यक्रममा स्थानीय मातृभाषाको प्रयोग गरेको पाइन्छ । अधिकांश बालबालिका आफ्नो मातृभाषाबाहेक अर्को कुनै भाषा वा विदेशी भाषामा अध्ययन गर्न बाध्य छन् । शैक्षिक दृष्टिकोणबाट हेर्ने हो भने निरक्षर, अल्पसंख्यक र शरणार्थी समुदायमा यो अवस्था झनै भयावह छ । आफ्नो मातृभाषाभन्दा फरक भाषामा अध्ययन गर्दा विद्यार्थीका लागि दुई समस्या उत्पन्न हुन्छन् – एक त नयाँ र अपरिचित भाषा सिक्नुपर्छ र अर्को, आफ्नो वातावरणभन्दा फरक, नयाँ र अपरिचित ज्ञान सिक्नुपर्छ । परिवेशमा हुने यस्तो परिवर्तनबाट बालबालिकाको संज्ञानात्मक विकासमा नकारात्मक प्रभाव पनि पर्न सक्छ । बालबालिकालाई विद्यालयमा सिक्न सजिलो होस् भनेर बहुभाषिक समुदायमा सङ्क्रमणीय बहुभाषिक शिक्षा प्रचलनमा रहेको पाइन्छ । राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन (२०५१) र केही अन्य अध्ययनले सुझावका रूपमा 'सङ्क्रमणीय बहुभाषिक शिक्षा' नीति लागू गर्ने प्रस्ताव गरेको छ । यस नीतिको कार्यान्वयन निम्न तीन चरणमा हुन्छन्ः

चरण १: कक्षाकोठामा पूर्णतया मातृभाषा (पूर्व प्राथमिक कक्षादेखि कक्षा तीनसम्म) मार्फत अध्यापन गर्ने ।

चरण २: बच्चालाई आफ्नो मातृभाषामा खेल्ने र लेख्ने सिप विकास गर्न र अर्को भाषा नेपाली (कक्षा चारदेखि कक्षा आठसम्म) सँग परिचित गराउन एउटा विषयको रूपमा सिकाउने ।

चरण ३: नेपाली भाषामा बोल्न र साक्षर हुन सिकाउने र अंग्रेजी माध्यम (कक्षा नौदेखि कक्षा १२ सम्म) को रूपमा सुरु गर्ने ।

विद्यालयमा शिक्षणको माध्यम भाषा मातृभाषा भएमा बालबालिकाले निम्न उपलब्धि हासिल गर्न सक्छन्ः बुझ्न र सिक्न सजिलो, छिटो संज्ञानात्मक र बौद्धिक विकास, उच्च शैक्षिक सफलता दर, नयाँ भाषा सिक्न सजिलो, तथा अतिरिक्त लाभका रूपमा मातृभाषाको विकास र संरक्षण । नेपाली भाषा सिकेर सरकारी जागिर प्राप्त गर्न, सरकारी कामकाज, सूचना सम्प्रेषणमा र राष्ट्रिय स्तरमा सहज सम्पर्क र पहुँच हुन सक्छ ।

विश्वका अधिकांश देशमा प्राविधिक शब्दावली अंग्रेजी भाषामा मात्र उपलब्ध छ । आर्थिक, राजनीतिक, शैक्षिक तथा अन्य कारणले अन्तर्राष्ट्रिय बसाइँसराइ तीव्र गतिमा बढिरहेको छ।

यस्तो अवस्थामा विभिन्न भाषा बोल्नेहरूमाझ सम्पर्क स्थापित गर्न र विश्वव्यापी अन्तरक्रियालाई सहज तुल्याउन अंग्रेजी भाषाको ज्ञान आवश्यक भएको छ । विभिन्न विधामा जानकारी प्राप्त गर्नका लागि पुस्तकालयमा उपलब्ध पुस्तक, पत्रिका आदि मूलतः अंग्रेजी माध्यममा पाइन्छन् ।

अर्थात् अंग्रेजी भाषालाई 'पुस्तकालयको भाषा' भनिन्छ । जनवरी २०२४ सम्म वेबसाइटहरूमा प्रयोग गरिएका भाषामध्ये अंग्रेजी सबैभन्दा सामान्य भाषा (५२.१% भन्दा बढी) हो । यही भाषाका आधारमा अंग्रेजी भाषाले विश्वमा सबैभन्दा बढी इन्टरनेट प्रयोगकर्ता पाएको छ।

यसको अर्थ के हो भने अंग्रेजीमा निपुण व्यक्तिले मात्र वेबसाइटमा उपलब्ध पाठ्यपुस्तक बुझ्न सक्छन् । विभिन्न संकटग्रस्त भाषाको सम्भाव्यतालाई दृष्टिगत गरी तिनको प्रयोग शिक्षालगायत सञ्चार, प्रशासन, साहित्य आदि क्षेत्रमा क्रमशः बढाउँदै जानु आवश्यक देखिन्छ । तर तिनको संरक्षण र सम्वर्द्धनको सर्वाधिक जिम्मेवारी सम्बन्धित भाषिक समुदायमा निहित हुन्छ । उकालो

# दैवी प्रकोपले पुनःसिकाएको पाठ र आगामी बाटो



प्रा डा विश्वम्भर प्याकुऱ्याल

केही वर्षदेखि नेपालमा बाढीको प्रकोपले बहुक्षेत्रीय अकल्पनीय क्षति पु¥याउन थालेको छ । धेरै जिल्लाका सयौँ गाउँ बाढीमा पुरिएका छन् । पानीको आपूर्तिमा व्यवधान आएको छ र जति आपूर्ति भएका छन् ती प्रदुषित छन् । अब विशेष गरेर डेङ्गु र हैजाका बिरामी सङ्ख्यात्मक हिसाबले बढ्ने निश्चितप्रायः छ । जथाभावी खोला, नदी पुरेर सहरीकरण तीव्र पारिएकाले प्राकृतिक पानी जम्मा हुने क्षेत्र नाश भएको छ । यसले गर्दा वर्षाको पानीले सहरी क्षेत्र डुबानमा परेको छ । यातायात संरचना ध्वस्त भएर मुलुकभरि अधिकांश ठाउँमा आवतजावत ठप्प भएको छ । यसले उद्धार कार्यलाई पनि विलम्ब गराएको छ । अहिले भएको क्षतिले गर्दा उद्धार कार्यमा ढिलाइ तथा स्रोतको परिचालन राष्ट्रिय सङ्कटको रुपमा देखापरेकाले सङ्कटकालको घोषणा गर्नुपर्ने अवस्था छ । भूइँचालोमा घरबारविहीन भएका सेवाग्राही अहिलेसम्म विस्थापित छन् । अब यो नयाँ सङ्कटमा परेका दुःखीहरुलाई सरकारले कहिले पार लगाउने हो भन्ने आशाा जनता रहेका छन् । यसपटक सङ्कटकालीन सेवाको अति नै आवश्यकता भएको बेला स्थानीय सरकारले आफूनो भूमिकालाई प्रभावकारी बनाउन नसकेको टिप्पणी भएको छ ।

अहिले आएको बाढीले तीव्र रूपमा विद्युत् आपूर्तिमा क्षति पु¥याएको छ । झन्डै १६ वटा जलविद्युत् परियोजना नराम्ररी क्षत्विक्षत भएका छन् । यस्तो क्षतिले विद्युत् उत्पादन घटाएर सरकारको आम्दानीमा मात्र असर पार्ने हैन, उत्पादनकर्ताको ऋण तिर्न सक्ने क्षमतामा ह्रस ल्याउनुका साथै ऋण लिन गरिने सामथ्र्य समेत कमजोर तुल्याउँछ । भौतिक पूर्वाधारमा भएको अकल्पनीय क्षतिले स्थानीय अर्थतन्त्रलाई कमजोर बनाएर पुनर्निर्माणको लागत बढाउँछ । जलविद्युत् क्षेत्रमा गरिएको तत्कालिक क्षति आँकलनअनुसार रु २ दशमलव ४५ अर्ब पुगेको छ । यसमा ऊर्जा र सिँचाइमा थप रु ४ दशमलव ३५ अर्बको लागत अनुमान छ । वास्तविक क्षतिको अनुमान सकिँदासम्म बढ्दो मागको कारण यो वर्ष हिउँदमा आयात गर्नुपर्ने सम्भावना बलियो छ । बङ्गलादेशसँग गरेको सम्झौता कार्यान्वयनमा नआउँदै भोग्नु परेको समस्याले हामीलाई अप्ठेरोमा पारेको छ ।

हालको क्षतिले धान बाली, पर्यटन र जलविद्युत् परियोजनामा ठूलो क्षति पु¥याएकाले विश्व बैंक, र एशियाली विकास बैंकको पाँच प्रतिशतको हाराहारीको आर्थिक वृद्धिको आँकलन सत्य साबित हुन निकै कठिन देखिएको छ । आगामी वर्षको आर्थिक बजेट निर्माण गर्दा तथा अन्तरिक राजश्वबाट गरिने खर्चको बाँडफाँट समेतमा निकै सावधानी अपनाउनुपर्ने हुन्छ ।

लामो समयसम्मको व्यापार घाटाले हामीलाई निकै कमजोर तुल्याएको छ । दीर्घकालीन घाटाले कुल गार्हस्थ उत्पादनको वृद्धिमा व्यवधान पु¥याउँछ किनभने यसले आन्तरिक उत्पादन घटाउँछ र स्थानीय उद्योगमा बेरोजगारी बढाउँछ । यस्तो अवस्थामा आपूर्तिको तुलनामा आन्तरिक माग बढ्ने हुनाले आयात बढेर मुद्रास्फीतिमा वृद्धि हुन्छ । आयातित वस्तुले उपभोग बढाए पनि यसको दीर्घकालीन असर भनेको आर्थिक अस्थिरता र न्यून वृद्धि हो । यसले गर्दा जनजीवन अस्तव्यस्त बनाएको छ ।

उपचारको लागि हामीले निर्यातको प्रतिस्पर्धात्मकता बढाएर नीतिगत सुधारद्वारा आयातको निर्भरता घटाउनुपर्छ । हामी औँलामा गन्न सकिने वस्तुहरुको निर्यातमा सीमित छौँ । त्यसैले स्थानीय स्तरबाटै उत्पादन हुनसक्ने र आफ्नो प्रतिस्पर्धात्मक क्षमता भएका वस्तुहरुलाई प्रोत्साहित गर्ने नीति लिनु आवश्यक छ । यसो गर्न सीमित वस्तु तथा व्यापार साझेदारहरुसँगको निर्भरता घटाउँदै निर्यात गरिने वस्तु तथा बजारको विविधीकरणमा जोड दिनु आवश्यक छ । यस्ता वस्तुहरुमा सूचना प्रविधि तथा वित्तीय सेवा, हस्तकला, र बागवानीजस्ता कृषि उत्पादनहरु पर्न सक्दछन् ।



> *अहिले आएको बाढीले तीव्र रूपमा विद्युत् आपूर्तिमा क्षति पुऱ्याएको छ । झन्डै १६ वटा जलविद्युत् परियोजना नराम्ररी क्षत्विक्षत भएका छन् । यस्तो क्षतिले विद्युत् उत्पादन घटाएर सरकारको आम्दानीमा मात्र असर पार्ने हैन, उत्पादनकर्ताको ऋण तिर्न सक्ने क्षमतामा ह्रस ल्याउनुका साथै ऋण लिन गरिने सामर्थ्य समेत कमजोर तुल्याउँछ । भौतिक पूर्वाधारमा भएको अकल्पनीय क्षतिले स्थानीय अर्थतन्त्रलाई कमजोर बनाएर पुनर्निर्माणको लागत बढाउँछ । जलविद्युत् क्षेत्रमा गरिएको तत्कालिक क्षति आँकलनअनुसार रु २ दशमलव ४५ अर्ब पुगेको छ । यसमा ऊर्जा र सिँचाइमा थप रु ४ दशमलव ३५ अर्बको लागत अनुमान छ ।*

नेपालजस्तो भूपरिवेष्टित मुलुकमा लागत र निर्यात गर्न लाग्ने समय न्यूनीकरण गर्न आवश्यक सामग्री र यातायात पूर्वाधार विकासमा लगानी बढाउन आबश्यक छ । ठूलो बजार भएका नेपालका दुई ठूला छिमेकी राष्ट्रहरुमा निर्यातको पहुँच बढाउन द्वीपक्षीय व्यापार सम्झौताको नियमित अनुगमन र सुदृढीकरण गर्ने तथा आन्तरिक उत्पादन र आयात विस्थापनको नीति प्रवद्र्धन गर्नु पनि त्यतिकै जरूरी छ ।

सन् २०२२ मा नेपालमा करिब २५ हजार सात सय ७० मेट्रिक टन खाद्यान्न विशेषगरेर चामल र गहुँको अभाव कम गर्न अन्य मुलुकका साथै भारतबाट ४२ लाख ६० हजार मेट्रिक टन खाद्यान्न अधिकतम् आयात गरियो । हाल आर्थिक सङ्कट र वातावरणीय प्रभावको कारण ४२ लाख ६० हजार नेपाली खाद्य असुरक्षित अवस्थामा छन् । सरकारको लक्ष सन् २०२४ सम्ममा ३० प्रतिशतले खाद्यान्नको आयात घटाउने रहेको छ । तरपनि खाद्यान्नमा आत्मनिर्भरता त्यति सजिलो देखिंदैन । यसको समाधानको उपयुक्त उपाय भनेको खेती गर्ने अभ्यासहरुमा आधुनिकीकरण, सिँचाइ प्रणालीमा सुधार र किसानहरुलाई आवश्यकता परेको बेला चाहिँदो सहयोग उपलब्ध गराउनु हो ।

गरिब मुलुकमा विप्रेषणबाट भएको आम्दानी बैंक तथा निजी क्षेत्रका ऋणदातालाई ऋण चुक्ता गर्न तथा भविष्यको लागि एक टुक्रा जमीन खरीद गर्न खर्चिएको देखिन्छ । यस्तो अवस्थामा कसरी उत्पादनशील क्षेत्रमा खर्च गर्न सक्छन् भन्ने प्रश्न उठेको देखिन्छ । आजकल धेरै मुलुकमा जग्गामा भन्दा साना उद्योग र कृषि उद्यमहरुलगायतका क्षेत्रमा लगानीका सम्भावना रहेका कुरा जानकारीमा ल्याउन वित्तीय साक्षरतामा जोड दिने गरेका छन् ।

लघुवित्त संस्थाबाट सहुलियतपूर्ण ऋण प्रदान गर्न प्रोत्साहन समेत गर्नुपर्छ । त्यस्तै स्थानीय व्यवसायहरुलाई विशेस सुविधा प्रदान गर्ने वित्तीय संस्थामा बैंक खाता खोल्न सुझाव दिन सकिन्छ । यस्ता वित्तीय संस्थाको अभावमा नेपाल राष्ट्र बैंकको पहलमा विशेस सुविधा दिएर भए पनि यिनीहरुको स्थापनार्थ पहल गरिदिनु पर्छ । यसका साथै रोजगारी सिर्जना गर्ने तथा आर्थिक स्थायित्वको लागि सहयोग पु¥याउन सक्ने क्षेत्रमा लगानी गर्दा विशेस सुविधा दिइने नीति निर्माण गर्न सम्बन्धित निकाय लाई दबाब दिनुपर्छ । निर्माण, पर्यटन र जलविद्युत् क्षेत्रमा बढीभन्दा बढी विदेशी लगानी आकर्षित गर्न नियामक प्रक्रियामा सुधार ल्याएर लगानीको वातावरण तयार गर्ने, अन्तरपार्टी समझदारी अनुरुप आर्थिक समृद्धिको साझा धारणा बनाई असफलतासँग नआत्तिएर राजनीतिक अस्थिरता हटाउने प्रयास निरन्तर जारी गर्नु आवश्यक छ ।



उद्योगपतिहरुले उच्च प्राथमिकतामा परेका उत्पादनशील क्षेत्रमा लगानी गर्न चाहेमा थप आकर्षणको लागि समयानुकूल औद्योगिक नीति पुनः तर्जुमा गर्नुपर्ने देखिन्छ । यस्तो नीतिमा कर छुट, कच्चा पदार्थ आयात गर्दा अनुदान र अनुसन्धान र विकाससम्बन्धी कार्यक्रमको लागि रकम, प्रविधि विकास र अनुसन्धानकर्ता जुटाउन आवश्यक सहयोग गर्ने प्रावधान राख्न सकिन्छ । शुरुमा सरकारको लागत वृद्धि भएता पनि दिगो विकासमा दूरगामी प्रभाव पर्न सक्छ । यस्तो सहयोग सधैँको लागि कायम राख्नु पर्ने भन्ने होइन ।

लगानीलाई निरन्तरता तथा उत्पादन अभिवृद्धि गर्न र उद्यमीको आकर्षण बढाउन सरकारसँग सम्बन्धित निकायहरु उदासिन हुनु हुँदैन । लगानी गर्नको लागि लगानीकर्ताले भौतिक संरचना तथा अबश्यक सेवाहरु उपलब्ध गराइने अपेक्षा गरेका हुन्छन् । यसको लागि सरकार–निजी क्षेत्रको सहकार्य अनिवार्य छ । हामीकहाँ लगानी बोर्डले साना लगानीकर्तालाई आवश्यकता अनुरुप समयमै निर्देशन तथा सल्लाह प्रदान गर्न सकेको महशूस गरिएको छैन । अहिलेको अवस्थामा औद्योगिक प्रतिष्ठानहरु न्यून क्षमतामा सञ्चालनमा आइरहेको देखिन्छ । आधुनिकीकरण, प्रविधिको स्तरोन्नति र कामदारहरुको प्रशिक्षण नियमित गर्न सके वैदेशिक लगानीमा आकर्षण थपिन सक्छ ।

गरिबी र वृद्धि हुँदै गएको आर्थिक असमानताले सामाजिक कल्याण कार्यक्रमको महत्व बढाएको छ । गरिबलाई केन्द्रबिन्दुमा राखेर लक्षित, समाज कल्याणकारी कार्यक्रम सञ्चालन गर्न जरूरी छ । अनुदानको लागि प्रावधान गरिएका अति आवश्यक वस्तुहरु, स्वास्थ सेवा र खाँचो परेका समुदायको पहुँचमा रहेको किफायती शिक्षाको उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्नुपर्दछ । बजेटमा राखिएका अनुदान उपलब्ध हुन नसके सेवाग्राहीले कानुनी उपचार पाउन सक्नुपर्छ ।

आर्थिक असमानताको प्रभाव न्यूनीकरण गरेर कार्यक्षेत्रमा प्रतिस्पर्धात्मक हुन कार्यबलको क्षमता अभिवृद्धिका लागि शिक्षा तथा प्राविधिक प्रशिक्षणमा थप लगानी आवश्यक छ । आर्थिक असमानता घटाएर आम्दानी र सम्पत्तिको पुनःवितरण गर्न प्रगतिशील कर कार्यान्वयनमा ल्याउन सकिन्छ । यो नीतिअन्तर्गत धनीलाई बढी कर र गरिबलाई कूल कर लागत घटाउन कर घटाउने अथवा कुनै निश्चित किसिमको आमदानीमा कर छुट दिनु पर्दछ । कतिपय अवस्थामा आर्थिक अवस्था कमजोर भएका करदाताले थोरै करको कारण ऊर्जा कुशल प्रविधिको प्रयोग नेपालमा उच्च प्राथमिकतामा परेका कृषि पैदावारमा न्यूनतम् मूल्य निर्धारण गर्ने तथा बजारको पहुँचमा सरकारले खासै सहजता पु¥याउन सकेको छैन ।

अन्त्यमा, सरकारले अबिलम्ब सेवाहरु प्रदान गर्नु आवश्यक छ । उदाहरणको लागि, विस्थापित जनसमुदायको सुरक्षाको लागि पाल तथा अस्थायी आवास, आकस्मिक खाद्यान्न र शुद्ध पिउने पानी, आवश्यकीय औषधिको बाकस र स्वास्थ सेवा, उद्धार कार्यको निरन्तरता, असर परेका स्थानहरुमा पहुँच पु¥याउन बन्द बाटो खुलाउने, सञ्चार सुबिधा पुनःस्थापना गर्ने, बसेकै ठाउँमा नगद सहयोग पु¥याउन ढिला नगर्ने, स्थानीय समुदायलाई सुरक्षित पानी पिउने र स्वच्छताबारे प्रशिक्षित गर्नुपर्ने हुन्छ । रासस

वैभव मधेशदृष्टि

२०८१ साल असोज १९ गते शनिबार
Saturday 05, October 2024

# विश्व पशुपन्छी दिवस

कालिका खड्का

*पशुसेवा तथा पशु स्वास्थ्य ऐन, २०५५ को प्रस्तावनामै पशुपालन व्यवसायलाई व्यवस्थित र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट सामग्रीको स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी सम्बन्धमा व्यवस्था गर्ने व्यवस्था गरेको छ । तर पनि कानुन कार्यान्वयन गर्ने निकायले उचित ध्यान दिन नसक्दा पशुपन्छीले निकै कष्ट सहदै आएका छन् । 'जनावरको प्रयोग गर्नुपर्छ तर त्यसको संरक्षण पनि गर्न जरुरी छ, बसको डिकीमा राख्न नपाउने गरी कडाइका साथ रोक्ने प्रयास गरेका छौँ', पशुसेवा विभागका निर्देशक उमेश दाहालले भन्नुभयो, 'पशुपन्छीको ढुवानी गर्दा पशुपन्छी कल्याणमैत्री व्यवहार गर्नुपर्छ ।'*





सर्वोच्च अदालतको मूलढोकै अगाडि बस रोकेर सामान निकाले जसरी डिकीबाट खसी, बाख्रा र पाठापाठी ल्याएको दृश्य दैनिकजसो देखिन्छ । गाडीको डिकीबाट सामान निकाले झैँ निकालेर श्वाससमेत राम्ररी फेर्न नपाएका ती बाख्रालाई घाटीमा डोरी लगाएर लछारपछार पार्दै लठ्ठीले पिट्दै टुकुचा खसी बजारतिर लगेको दृश्य सबैले टुलुटुलु हेरीमात्र रहन्छन् । तर, त्यो दृश्य देख्दा धेरै मानिसलाई मनमा भने चसक्क हुन्छ ।

बोका, बाख्रा, खसी ढुवानीमा मात्र होइन, भैँसी, राँगाको ढुवानी गर्दा पनि कम्ती कष्टकर देखिँदैन । डोरीले कान छेडेर शरीरमा चोट लागेर रगताम्मे देखिन्छ । कुखुराको ढुवानी गर्दा उस्तै पीडादायी देखिन्छ । जीवित कुखुरालाई टाउको घोप्ट्याएर खुट्टामाथि पारी मोटरसाइकलको दुईतिर बाँधेर कुदाइरहेको दृश्य जताजतै देखिन्छ । ती श्वास फेर्ने जीवलाई कसरी त्यस्तो निर्मम तरिकाले ढुवानी गरेको होला भनेर प्रश्न धेरैको मनमा आउँछ तर सबै यी पशुका पीडामा चुपचाप छन् ।

मानिसलाई जस्तै बाँच्न, सहज रुपमा हिँड्न, खानाखान र विश्राम गर्न पाउने हक पशुपन्छीलाई पनि छ । 'पशुपन्छी ढुवानी गर्दा धेरै कष्ट, सकस र चोट भोगिरहेका छन्, कानुनमा भएको मापदण्डको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन', 'एनिमल नेपाल'का कार्यक्रम प्रमुख सुलक्षणा राणाले भन्नुभयो, 'पशुपन्छी ढुवानी मापदण्ड कार्यान्वयन नगर्नेलाई जरिवाना गरिन्छ, त्यो जरिवानाले पशुलाई कुनै राहत हुँदैन ।' लामो समय यात्रा गर्दा पनि पशुलाई विश्राम कक्ष नहुँदा आराम र उचित आहारको व्यवस्थासमेत नहुने अनुगमनका क्रममा देखेको उहाँको अनुभव छ । सुरक्षित तरिकाले बिरामी पशुलाई उपचार, खाना र विश्राम कक्ष समेत हुनुपर्ने आवश्यकता रहेको उहाँको ठहर छ ।

पशुपन्छी ढुवानी सम्बन्धमा नेपालमा कानुन नभएको पनि होइन, ढुवानी मापदण्ड नभएको पनि होइन । सर्वोच्च अदालतले २०७४ पुस १२ गते न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लको संयुक्त इजलासले पशु कल्याणको विषयमा कृषि तथा पशुपन्छी मन्त्रालयका नाममा विभिन्न ३६ बुँदे निर्देशनात्मक आदेश गर्दै पशु कल्याणसम्बन्धी कानुन बनाउन परमादेश जारी गरेको थियो ।

'आघात परी मानव समाजले अनेकौँ विपत्ति बेहोर्नुपर्ने हुँदा पशुहरूको भोक, प्यास र कुपोषण हुन नदिने, डर, त्रास र तनाव हुन नदिने, भौतिक तथा शीत, तापजन्य असुविधाबाट सुरक्षित गर्ने, पीडा, घाउचोट र रोगव्याधीबाट सुरक्षित राख्ने, सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्नु' उक्त फैसलामा भनिएको छ, 'पशुको स्वतन्त्रताको सम्मान गर्दै पशु कल्याणको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्न पशुकल्याणसम्बन्धी कानुन बनाउनु ।'

अदालतले पशुउपर गरिने कस्तो प्रकारको



कार्यहरू क्रूर र अमानवीय हुने, एवं त्यस्ता व्यवहार रोक्न जनचेतना फैलाउने, क्रूर र अमानवीय कार्यको अनुगमन कसले कसरी गर्ने, पशुहरूउपर क्रूर र अमानवीय व्यवहार भएमा कुन निकायमा कसरी उजुरी गर्ने, सजाय र क्षतिपूर्ति के हुने भन्ने विषयमा स्पष्ट कानुन बनाउन भनेको छ । 'पशुधनीको कर्तव्य के हुने, पशु वध तथा स्थानान्तरण गर्दा कम पीडा दिई उपयुक्त प्रविधिको प्रयोग कसरी गर्नेलगायतका कुराहरूलाई स्पष्टसँग उल्लेख गरी तथा वैज्ञानिक परीक्षणको लागि पशुहरूको प्रयोगलगायतका व्यवस्था गर्नु" फैसलामा भनिएको छ, "आवश्यक व्यवस्था गरी पशु अधिकार र कल्याणका लागि पशु कल्याण निर्देशिका, २०७३ को सापेक्षतामा निर्देशिकाद्वारा संरक्षित गरिएका व्यवस्थाहरूलाई समेत मध्यनजर राखी आवश्यक कानुन तर्जुमाका लागि व्यवस्था मिलाउनु ।'

पशु कल्याणसम्बन्धी विशेष कानुन नआएसम्मको अवधिका लागि पशु कल्याण निर्देशिका, २०७३ लाई पशु स्वतन्त्रताको सम्मान र संरक्षण गर्ने सन्दर्भमा प्रभावकारी कार्यान्वयन गर्ने, गराउने तथा सो निर्देशिकाको कार्यान्वयनमा उजुरी व्यवस्थापन, अनुगमन र समन्वयका लागि आवश्यक व्यवस्था मिलाउन समेत फैसलामा भनिएको छ ।

अदालतले पशु स्वतन्त्रताको सम्मान र संरक्षण गर्न भएका कानुन, निर्देशिका र फैसलाको व्यापक प्रचारप्रसार गरी राज्यको सम्बन्धित निकाय र नागरिकको दायित्व बोध गराउन समेत फैसलामा भनिएको छ तर अदालतले पशु कल्याणसम्बन्धी कानुन बनाउन दिएको परमादेश अहिलेसम्म कार्यान्वयन आएको छैन । पशु बधशाला र मासु जाँच ऐन, २०५५ मा इजाजतपत्र नलिई पशु बधशालाको स्थापना गर्न र मासु बिक्री गर्न नपाइने, पशु बधशालामा मात्र पशु बध गर्न पाइने, बध गरिएका पशुको मासु जाँच गर्नुपर्नेलगायतका व्यवस्था गरेको छ ।

मुलुकी अपराध (संहिता), २०७४ को परिच्छेद २७ ले पशुपन्छीप्रति निर्दयी व्यवहार नगर्न भनी व्यवस्था गरेको छ । यसअनुसार कसैले कुनै पशुपन्छीलाई कुटी, हिर्काई वा बोक्नसक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामथ्र्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकालाई काममा लगाई वा हानिकारक बस्तु सेवन गराउन नहुनेलगायत व्यवस्था गरेको छ ।

त्यस्तै, कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रूपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्न नपाइने व्यवस्था गरेको छ । त्यस प्रकारको कार्य गरेको अवस्थामा कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा रु पाँच हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ ।

पशुसेवा तथा पशु स्वास्थ्य ऐन, २०५५ को प्रस्तावनामै पशुपालन व्यवसायलाई व्यवस्थित र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट सामग्रीको स्वस्थ रूपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी सम्बन्धमा व्यवस्था गर्ने व्यवस्था गरेको छ । तर पनि कानुन कार्यान्वयन गर्ने निकायले उचित ध्यान दिन नसक्दा पशुपन्छीले निकै कष्ट सहदै आएका छन् । 'जनावरको प्रयोग गर्नुपर्छ तर त्यसको संरक्षण पनि गर्न जरुरी छ, बसको डिकीमा राख्न नपाउने गरी कडाइका साथ रोक्ने प्रयास गरेका छौँ', पशुसेवा विभागका निर्देशक उमेश दाहालले भन्नुभयो, 'पशुपन्छीको ढुवानी गर्दा पशुपन्छी कल्याणमैत्री व्यवहार गर्नुपर्छ ।' उहाँले भएका कानुनहरुको पालना गर्न र पशुपन्छीमैत्री व्यवहार गर्न प्रयत्न गरिरहेको बताउनुभयो ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीलाई मानव भए पनि अर्को जीवलाई संरक्षण र माया गर्नुपर्ने भन्ने भनाइ छ । 'पशुपन्छीमैत्री व्यवहार गर्नुपर्छ, सबै पशुपन्छीको राम्रो संरक्षण गर्नुपर्छ, पशुपन्छीबिनाको जीवन कल्पना पनि गर्न सकिंदैन' मन्त्री अधिकारीले भन्नुभयो, 'श्वास भएका जीव हुन राम्रोसँग बाँच्न दिनुपर्छ, पशुपन्छी हितका विषयमा बनाएका कानुनको प्रभावकारी कार्यान्वयन गर्न सरकार प्रतिवद्ध छ ।' उहाँले पशुकल्याण विधेयक ल्याउने तयारी भइरहेको र त्यसको मस्यौदा भइसकेको जानकारी दिनुभयो ।

अक्टोबर ४ अर्थात् आजकै दिन विश्वभरि नै पशुपन्छी दिवस मनाइन्छ । पशु कल्याणका आधारभूत सिद्धान्तहरुलाई राखेर नै यो दिवस मनाउने गरिन्छ । 'यो संसार सबै प्राणीहरुको साझा घर हो' भन्ने मूल नाराका साथ सरकारले यो दिवस मनाइरहेको छ । पशु कल्याणमैत्री वातावरण बनाउनुपर्ने यो दिवसको मूल उद्देश्य रहेको छ ।

मन्त्रालय र पशु सेवा विभागले आज गौशालास्थित नन्दी गौशालामा गएर त्यहाँ रहेका गाईहरुलाई खाना खुवाउने र औषधोपचार गर्ने काम गरेको छ । पशु सेवा विभागका अनुसार यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण समस्यामा परेका पशुहरु उद्धार गर्ने र उपचार गर्ने काम भइरहेको छ । विभागले वर्षभरि नै छाडा छोडिएका चौपाया र विभिन्न समस्याका साथै रोग लागेका पशुपन्छीको उपचार र संरक्षण गर्ने कार्य गर्दै आएको छ ।

पशुपन्छीले विशेषगरी एक ठाउँबाट अर्को स्थानमा लैजाने क्रममा धेरैधेरै दुःख, कष्ट र यातना पाउने गरेका छन् । यस्ता कार्य रोक्न जरुरी छ । पशुपन्छी कल्याणका विषयमा सरोकारवाला पक्ष सबैले ध्यान दिँदै कानुनको पालना गर्न अति आवश्यक छ ।



**पूजाका लागि निर्माण गरिएको पण्डाल:** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–१ बरुण सरोवर किनारमा दुर्गा पूजाका लागि निर्माण गरिएको विशाल पण्डाल । तस्विरः सञ्जीतकुमार मण्डल/ रासस

# बाढीले पुस्तक बगायो स्कुल डुबायो पढ्ने कसरी ?

**सर्लाही ।**
गत शनिबार अविरल वर्षापछि गएको बाढीले सर्लाहीको रामनगर गाउँपालिका–२ ध्रुवा टोलका नौ वर्षीय रामकुमार महतोलाई चिन्तामा पारेको छ । पढाइमा निकै मेहनती महतोले बाढीले घरमा भएका सबै पुस्तक बगाएको गुनासो गरे । आफू पढ्ने गरेको श्री प्राथमिक विद्यालय डुबाएपछि उनी थप चिन्तामा छन् । 'स्कुलले दिएको पुस्तक नयाँ नै थियो, बाढीले बगाएर लग्यो । अब फेरि स्कुलले दिने हो कि होइन ?', उनलाई चिन्ता छ ।



विपन्न परिवारका महतोलाई किताब किनेर दिन सक्ने अवस्थामा परिवार छैनन् । बाढी र डुबानले घरमा पनि पूर्ण क्षति पु¥याएको छ । रामकुमारसँगै अध्ययन गर्ने साथी वीरेन्द्र पनि विद्यालयको कपी किताब बगाएको गुनासो गर्न आइपुगे । 'मेरो त स्कुलको पोशाकसमेत बाढीले लगेछ', उनले भने, 'अब स्कुल कसरी जाने ? बुबाआमासँग किन्न पैसा नभएको उनको गुनासो थियो ।' शनिबार पसेको बाढीले उनीहरू जस्तै हजारौँ बालबालिकाको शैक्षिक भविष्य अन्योलमा परेको छ । अधिकांश विपन्न परिवारका बालबालिकाको विद्यालयका पुस्तक, पोशाकलगायत सामग्री बाढीमा डुबेको छभने केहीको बाढीले बगाएको छ । विद्यालय पानीमा डुबेका कारण कहिलेसम्म स्कुल जान नपाइने हो ? भन्ने चिन्ता बालबालिकाले व्यक्त गरिरहेका छन् ।

बाल कक्षामा धेरै क्षति

जिल्लाको रामनगर गाउँपालिका र बलरा नगरपालिकामा गरी दुई दर्जन बढी विद्यालयमा पानी पसेर क्षति गरेको छ । अधिकांश विद्यालयमा बाल विकास कक्षामा पानी पसेर क्षति गरेको बलरा नगरपालिकाका प्रमुख रामाशङ्करप्रसाद कुशवाहाले जानकारी दिए । 'बालबालिकाको सुविधाका लागि ठूलो रकम खर्च गरेर ओच्छाएको कार्पेट, म्याटलगायत सामान पूर्ण रूपमा काम नलाग्ने भएका छन्', उनले भने, 'सिकाइ सामग्रीसमेत बगाएका छन्, बाँकी पनि काम लाग्ने अवस्थामा छैनन् ।'

नगरको वडा नं १, २, ३ र ४ का प्राथमिक विद्यालयमा चारदेखि पाँच फिटसम्म पानी जमेको नगरप्रमुख कुशवाहाले जानकारी दिए । विद्यालयमा पानी जमेका कारण बालबालिकाको पठनपाठन नै प्रभावित बनेको बलरा नगरपालिका–१ स्थित प्राथमिक विद्यालय सेडवाका प्रधानाध्यापक जङ्गबहादुर सहनीले बताए । 'अहिले चाडबाडको छुट्टी छ, तर महिनौँसम्म पठनपाठन हुने अवस्था छैन', उनले भने ।

विद्यालयसम्म पुग्न सकिने अवस्था नरहेको स्थानीय विनय यादवले बताए । विद्यालय डुबानमा पर्दा विपन्न दलित, मुसहरलगायत समुदायका बालबालिका मर्कामा परेका हुन् । शैक्षिक सामग्रीसमेत बगाएका कारण बालबालिकासँगै अभिभावक समेत चिन्ता व्यक्त गरिरहेका नगरप्रमुख कुशवाहाले बताए ।

पालिकाले समेत क्षति विवरण सङ्कलन गरेर व्यवस्थापन गर्ने प्रयास गरिरहेको उनले जानकारी दिए । सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग यस विषयमा सहयोगका लागि अपिल गरिएको उनले बताए । नगरप्रमुख कुशवाहका अनुसार विभिन्न वडाका गरी १८ वटा विद्यालय डुबानमा परेका छन् । सबै विद्यालयमा फेरि बालबालिकाका लागि बसाइ व्यवस्थापन गर्नुपर्ने अवस्था छ ।

यस्तै, रामनगर गाउँपालिकामा पनि विभिन्न वडामा गरी नौवटा विद्यालयमा बाढी पसेर डुबाएको छ । विद्यालय पूर्ण रूपमा क्षति नभए पनि आंशिक क्षति पुगेको पालिका अध्यक्ष राजाबाबु यादवले बताए । विद्यालयसम्म पुग्ने अवस्था नहुँदा तत्काललाई पर्व बिदा दिइएको उनको भनाइ थियो । 'अहिले पठनपाठन गर्न सक्ने अवस्था छैन', उनले भने, 'पर्व पनि परेकाले बिदा दिएका छौँ, अब पानी सुकेपछि पठनपाठन सुरु हुन्छ ।'

बाढीले शैक्षिक सामग्री बगाएको र लामो समय विद्यालय जाने क्रम रोकिँदा बालबालिका फेरि विद्यालय बाहिर पुग्ने चिन्ता रहेको उनको भनाइ थियो । अर्कातर्फ विद्यालयको अवस्था पूर्ववत बनाउन ठूलो धनराशि खर्च गर्नुपर्ने अध्यक्ष यादवले बताए ।

बल्लतल्ल विद्यालय आउन बानी परेका उनीहरू फेरि नआउने हुन् कि ? भन्ने चिन्ता विद्यालयका शिक्षकशिक्षिकाले समेत व्यक्त गरे । बाढी तथा डुबानका कारण जिल्लामा ठूलो क्षति पुगेको हुनसक्ने शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहाले जानकारी दिए । पालिकाहरूसँग क्षति विवरणका लागि ताकेता गरिरहेको उनले बताए । रासस

# निर्माणाधीन पसाहा पुल बाढीले बगायो, करोड बढी क्षति

**वीरगंज ।**
बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १५ अन्तर्गत खमवा–मधुवन सडक खण्डमा निर्माणाधीन पसाहा पुल असोज १२ गते बाढीले बगाएको छ । दशैंअघि ढलान सम्पन्न गर्ने लक्ष्यसहित पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको थियो । तर, बाढीले पुल बगाउँदा एक करोडभन्दा बढीको क्षति भएको बताइएको छ । पुल निर्माणको ठेक्का मेरिना कन्स्ट्रक्सन र नेशनल इन्स्ट्रक्टर जेभीले लिएका थिए । निर्माणको तयारी पूरा भए पनि अन्तिम चरणमा बाढीले पुल बगाएपछि स्थानीयवासी निराश भएका छन् । कलैया उपमहानगरपालिका र करैयामाई गाउँपालिकालाई जोड्ने यस पुलको महत्वलाई ध्यानमा राख्दै स्थानीयहरु पुलको काम दशैंअघि सम्पन्न हुने आशामा थिए । कलैया उपमहानगरपालिका वडा नम्बर १५ का अध्यक्ष भोरिक यादवले पुलको भत्कँदा ठेकेदार कम्पनीले ठूलो नोक्सानी बेहोर्नु परेको जानकारी दिए । साथै, दशैंको समयमा पुलबाट आवतजावत गर्न पाउने आशामा रहेका स्थानीय बासिन्दाहरु निराश बनेका छन् । मेरिना/नेशनल जेभीका प्रतिनिधि बालगोपाल कँडेलका अनुसार बाढीले पुल बगाउँदा निर्माण कार्यलाई ठूलो क्षति पुऱ्याएको छ र अब पुलको निर्माण कहिले सम्पन्न हुने भन्ने निश्चित नभएको बताइएको छ । यस घटनाले बारा जिल्लाको पूर्वाधार विकासमा गम्भीर असर परेको छ भने अबको थप कार्य योजना तयार गर्न समय लाग्ने देखिएको छ ।

# पर्सामा फेरि सल्बलाए काठ तस्कर

**वीरगंज ।**
चाडवाडको मौका छोपी पर्सामा फेरी काठ तस्करहरु सक्रिय हुन थालेका छन् । डिभिजन वन कार्यालय पर्साले विहीबार राती चार थान सालको गोलिया सहित ४ वटा साईकल बरामद गरेको हो ।

सव डिभिजन वन कार्याल सबैयाबाट गएको टोलीले २९.६४ क्युफिट काठको गोलिया बरामद गरेको रेञ्जर भुपाल रोकायाले जानकारी दिए । विशेष सूचनाको आधारमा गएको टोली राती करिब १ बजे झाँडीमा लुकी काठ तस्करहरुको प्रतिक्षा गरिरहेको थियो । साइकलमा लोड गरी काठ ल्याउँदै गरेको अवस्थामा काठ तस्करहरु वन गस्ती टोलीलाई देख्नसाथ काठ र साईकल छोडी फरार भएको सबैया साझेदारी वनका रेञ्जर रोकायाले बताए ।

दुई चरणमा विभाजन भई काठ तस्करहरु समात्ने योजनामा रहेका वन गस्ती टोली भेडाहा खोलाबाट बेलवातर्फ जाँदैँ गरेको दुई थान काठ र मिलन चोकबाट बेलवातर्फ जाँदैँ गरेको दुई थान गरी ४ थान काठ बरामद गरेको डिभिजन वन कार्यालय पर्साले जनाएको छ ।

बरामद काठलाई सबैया साझेदारी वनको प्राङ्गणमा राखिएको र काठ तस्करहरुको खोजी कार्य भईरहेको डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले जानकारी दिए ।

# ब्राउनसुगरसहित दुई जना बारा प्रहरीको नियन्त्रणमा

**वीरगंज ।**
बारा प्रहरीले लागुऔषध ब्राउनसुगरसहित दुईजनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरीले जितपुर–सिमरा उपमहानगरपालिका–७ स्थित वैदेही पेट्रोपपम्प अगाडिबाट ब्राउनसुगरसहित दुईजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा वीरगंज महानगरपालिका– २१ का १८ वर्षीय साविर अन्सारी र सोही वडाका ५८ वर्षीय वीरेन्द्रप्रसाद साह रहेका छन् । विशेष सूचनाका आधारमा बुधबार वीरगन्जबाट जितपुरतर्फ जाँदै गरेको ना.२२प ९९९४ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा मोटरसाइकलमा सवार उनीहरूको साथबाट लागुऔषध ब्राउनसुगर फेला परेको प्रहरीले जनाएको छ । चाडपर्वलक्षित गर्दै प्रहरीले चलाएको जाँच अभियानका क्रममा इलाका प्रहरी कार्यालय तथा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पर्साको संयुक्त प्रहरी टोलीले लागुऔषध सहित उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ परेकालाई आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय सिमराको जिम्मा लगाइएको प्रहरीले जानकारी दिएको छ ।

# सङ्घीयताले देशलाई एकढिक्का बनाएको छ'

**सप्तरी ।**
मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सङ्घीयताले देशलाई एक ढिक्का बनाएको बताएका छन ।

सप्तरीको खडक नगरपालिका–७ कल्याणपुरमा शुक्रवार आयोजित श्रीपुर्राज सामुदायिक विकास केन्द्रको २९औँ साधारणसभामा उनलेसङ्घीय लोकतान्त्रिक शासन प्रणालीकै कारण देश छोटो समयमै विकास र शान्तिको मार्गमा अगाडि बढेको बताए। "देशका तमाम शोषित उत्पीडित समुदायको सङ्घर्षपछि लोकतान्त्रिक सङ्घीय शासन प्रणाली आएको हा । यस व्यवस्थाले नै मुलुकलाई एकढिक्का बनाउन सघाएको छ", मन्त्री लेखीले भने सङ्घीय प्रणालीकै कारण महिला, दलित, आदिवासी, जनजाति, मुस्लिमसहित उत्पीडित समुदायका सात हजार बढीले जनप्रतिनिधि बन्न पाएको र विकासले गति लिएको हामीले बिर्सिनुहुन्न ।"

त्यस अवसरमा गैर सरकारी संस्था महासङ्घ सप्तरीका पूर्वअध्यक्ष एवं सामुदायिक विकास मञ्च तेरहौताका अध्यक्ष दिलीप चौधरीलाई रु १० हजार राशिको पुरस्कारसहित सम्मान गरिएको छ । सोही अवसरमा रासस बागमती प्रदेश कार्यालय प्रमुख राजु विश्वकर्मा, द फ्रिडम फण्डका कार्यक्रम व्यवस्थापक जिएम श्रेष्ठ र सल्लाहकार ब्रहमदेव रामलाई सम्मान गरिएको छ ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्र कुशहाका अध्यक्ष चतुर नारायण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, सुरुङ्गा नगरपालिका प्रमुख गीता चौधरी, खडक नगरपालिका प्रमुख जयप्रकाश चौधरी, रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादव, हरवाचरवा राष्ट्रिय मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डल, तत्कालीन कुशहा गाविसका अध्यक्ष देवानन्द चौधरी, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ मधेस प्रदेशका महासचिव बृजमान तामाङ, राष्ट्रिय दलित नेटवर्कका प्रतिनिधि सञ्जय महरा, नेपाल राम समाजका अध्यक्ष प्रथम लाल राम, हरवाचरवा राष्ट्रिय मञ्च सप्तरीका उपाध्यक्ष उमाकान्त सदालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। रासस

# छ स्थानमा 'यात्रु सहायता कक्ष'




**सिरहा ।**
चाडपर्वको समयमा यात्रुलाई हुने समस्यामा सहजीकरण गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय सिरहाले जिल्लाका छ स्थानमा 'यात्रु सहायता कक्ष' स्थापना गरेको छ ।

दशैँ, तिहार तथा छठपर्वलाई लक्षित गरी सवारी टिकट काउन्टरमा हुने भीडभाड तथा यात्रु ठगिने कार्य नियन्त्रण र समस्याको तत्काल सुनुवाइ गर्न लहान, सिरहा बजार, धनगढीमाई, गोलबजार, मिर्चैया र बन्दिपुरमा सहायता कक्ष सञ्चालनमा ल्याइएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख पोषणराज थपलियाले जानकारी दिए । 'चाडपर्वको बेला सवारीसाधनको चाप, टिकट काउन्टरमा यात्रुको भीड बढ्ने, बढी भाडा लिएर यात्रु ठगिने जस्ता कार्य नियन्त्रण, क्षमताभन्दा बढी यात्रुका कारण हुने दुर्घटना न्यूनीकरणका लागि सहायता कक्षबाट आवश्यक काम हुनेछ,' उनले भने ।

यस्तै, राजमार्गमा वर्षाका कारण परेका खाल्डाखुल्डी पुरेर यातायात सञ्चालनमा सहजता ल्याउन सरोकार भएका निकायसँग समन्वय भइरहेको ट्राफिक कार्यालय प्रमख थपलियाले बताए ।

# अस्पताल स्तरोन्नतीको माग गर्दै मुक्ति क्रान्तिको धर्ना छैटौं दिनमा

**वीरगंज ।**
पर्साको पोखरियामा रहेको पोखरिया अस्पताल स्तरोन्नत्तीका साथै सरकारी कार्यालयको सेवा विस्तारको माग गर्दै राष्ट्रिय मुक्ति क्रान्ति नेपालले पोखरिया अस्पतालमा शुक्रबार छैटौं दिन पनि धर्ना दिएको छ ।




राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रिय सदस्य निजामुदिन समानीको नेतृत्वमा पार्टीका नेता कार्यकर्ताहरुले पोखरिया अस्पतालमा गत असोज १३ गतेदेखि अनिश्चितकालीन धर्ना दिदैं आएका छन् ।

मधेश प्रदेश सरकारले पाँच वर्षअघि नै निर्णय गरी प्रादेशिक अस्पताल घोषणा गरिसकेको पोखरिया अस्पतालमा त्यसअनुसारको भौतिक पूर्वाधार र सेवा उपलब्ध नभएको तथा पोखरियामा भूमीसुधार, मालपोत, नापी लगायतका सरकारी कार्यालयको सेवा विस्तार गर्नुपर्ने मागसहित उनीहरुले धर्ना दिएका हुन् ।

दिउँसो १ देखि अपरान्ह ३ बजेसम्म धर्ना दिइएको समानीले बताए । धर्नास्थलमा मधेश प्रदेशका मन्त्री वा संघीय सरकारका मन्त्री आँफै आएर आफूहरुको माग सम्बोधनका लागि प्रतिबद्धता नजनाएसम्म धर्ना जारी रहने समानीको भनाई छ ।

# मिथिलाञ्चलको गाउँगाउँमा झिझिया नाचको रौनक



**जलेश्वर ।**
महोत्तरीसहित नेपाल र भारतको क्षेत्रमा पर्ने सम्पूर्ण मिथिलाञ्चल क्षेत्रमा बनाइएको दुर्गा भवानीको प्रतिमा अगाडि शुक्रबार रातिदेखि झिझिया नृत्यको सुरुवात भएको छ । यससँगै मैथिली गीत सङ्गीतले सङ्गीतमय हुँदै अहिले सम्पूर्ण मिथिलाञ्चलको गाउँ गाउँमा झिझिया नृत्यको रौनक देखिएको छ ।

'तोहरे भरोसे बरहम बाबा झिझिया बनैलियो हे, बरहम बाबा झिझिया पर होइनौ न सहाय अबोधवा बालक तोहर किछियो नै जनैछो हे ।' 'चल चल गे गैनिया कदम तर, तोहर बेटा के खैबौ बरहम तर" "माछ मार गेले गे डैनिया बाबाके पोखरिया, माइर लेले कोतरी मछरिया गे' लगायतका झिझिया नृत्यका गीतहरूले अहिले सम्पूर्ण मिथिलाको गाउँगाउँ झुमेको छ भने मिथिलाको प्रत्येक गाउँगाउँमा अहिले रातिको बेला झिझिया नृत्यको रौनक देख्न सकिन्छ ।

विहीबार बडादशैंको सुरुवात भएसँगै महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा पर्सासहितकोतराई–मधेसका सम्पूर्ण जिल्ला तथा भारतको सीतामढी र मधुबनी जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा पहिलो झिझिया नृत्य नाचियो भने अहिले सम्पूर्ण मिथिलाञ्चलभर झिझिया नृत्यको रौनक छाएको छ ।

सुख,समृद्धि र पारिवारिक सुरक्षाको लोक अनुष्ठानको रूपमा झिझिया नृत्य महोत्तरीलगायत मिथिलाञ्चलभरि नाचिने गरिएको जलेश्वर नगरपालिका–८ का पण्डित बद्रीनारायण झा बताउँछन् । यस नृत्यमा पूर्णरुपमा तांन्त्रिक विधिअनुसार घटस्थापनादेखि दशमीसम्म देवी दुर्गा स्तुतिको लोक परम्परामा आधारित लोक नृत्य प्रस्तुत गरिन्छ । झिझियाको उद्देश्य समाजमा रहेका बोक्सीबाट आफ्ना सन्तानको सुरक्षा गर्नु रहेको छ ।

झिझियाको बनावट र स्वरुपभित्र जादू टुनामुना बोक्सी आदिको प्रभावलाई कम गर्न अनुष्ठान प्रारम्भ गरिएको मानिन्छ । बलिरहेको दियो भएको असङ्ख्य प्वाल पारिएको घैँटो टाउकामा राखी नृत्य गर्ने गरिन्छ । समाजमा प्रचलित आमविश्वास अनुसार गाउँकी बोक्सी महिला जादूमन्त्र सिकेर त्यसको सिद्धिका लागि गाउँका जन्मजात, बालबालिकालाई कुनै कारणीद्वारा मारेर मसानमा त्यही मरेको बच्चालाई ज्यूँदो पारी नाङ्गै नृत्य गर्छ ।

विजया दशमीका अवसरमा यस्ता घटनामा वृद्धि हुन थालेपछि महिला नै एउटा धार्मिक, सांस्कृतिक अनुष्ठानको सुरुआत गरी भगवती दुर्गाको स्तुति र गुण प्रहार गर्न बोक्सीको प्रहार शक्तिलाई निस्तेज पार्न झिझिया लोक नृत्यको प्रारम्भ गरे, जो आजसम्म चलिरहेको छ । आफ्ना शाखा सन्तान, परिवारको सुस्वास्थ्य र दीर्घजीवनको कामना यस नृत्यको पृष्ठभूमिमा रहेको छ ।

झिझिया लोक नृत्यको अर्को उद्देश्य दशमीको बेला माता दुर्गालाई स्तुति गर्नु पनि रहेको जलेश्वर–८ कै अर्का पण्डित अनिल पाठकको भनाइ छ । झिझिया लोकनृत्य सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा क्षेत्रलगायत भारतीय क्षेत्र बेनीपट्टि, मधुवनी, जयनगर, सीतामढी, सहरसा आदि क्षेत्रमा पनि प्रस्तुत गरिन्छ । झिझियामा प्रयोग हुने घैँटोमा गरिएका असङ्ख्य प्वाल र त्यसलाई टाउकामा राखेर नृत्य गर्ने महिलाद्वारा टाउकोको दायाँबायाँ हल्लाइरहने प्रवृतिले यसको निहीत विशेष अर्थलाई सङ्केत गर्छ । महिलाको टाउकोमा राखिएको घैँटोको प्वाल कुनै बोक्सीले गन्यो भने त्यो नाच्ने महिला ठहरै हुन्छ, भन्ने जनविश्वास रहेको झिझिया नाच्ने जलेश्वर–८ की महिला अकलीदेवी बताउँछिन् ।

यसमा देवी स्तुति गरिएको र बोक्सीलाई गाली गरिएको गीत प्रस्तुत गरिने चलन रहेको छ । यसमा पाँच देखि २५ जना महिलाको टोली हुन्छ जसमध्ये एक वा दुई जनाको टाउकोमा घैँटो राखिएको हुन्छ । एक विशेष ताल र आरोह अवरोहमा गाइने गीतको बोलसँगै टाउकामा घैँटो राख्ने महिला चारैतिर फन्को मार्दै दुवै हातले गीतको भाउमा ताली बजाउँछन् । महिला यस लोक अनुष्ठानमा सुर बिर्सेर तल्लीन भइरहेका हुन्छन् । नृत्यसँगै गाइने गीतमा बोक्सीलाई गाली गरिएको हुन्छ, बोक्सीलाई गाली गरियो भने त्यसको मारक क्षमता कमजोर हुन्छ र बालबच्चाको सुरक्षा हुन्छ भन्ने जनविश्वास पनि रहेको छ । झिझिया नृत्यमा बोक्सीलाई गाली मात्र गरिँदैन उसलाई यसरी धम्क्याउने काम पनि गरिन्छ ।

मिथिलामा झिझिया नृत्युको आफ्नै मौलिकता, पहिचान र इतिहास छ । ग्राग्रीमाथि आगोको डल्ला लिएर नृत्यगर्नु आफैँमा साहास र कलाको अलौकिक प्रदर्शन हो झिझिया नृत्य । समाज रुपान्तरणको क्रममा रहेको समयमा यो लोकनृत्य गाउँघरमा मात्रै नभइ सहरमा समेत प्रचलनमा छ र यसलाई निरन्तरता दिइँदैछ । नृत्य प्रदर्शन गर्ने कला पनि हेर्नेयोग्य हुन्छ । चार÷पाँचवर्षका बालबालिकादेखि लिएर किशोरी र अधबैसेसम्म यस नृत्यमा सहभागी हुने गर्छन् । टाउकोमाथि राखिएको घैँटो र त्यसमाथि उज्यालो दिइरहेको आगोको डल्ला लिएर नृत्य गर्नु आफैँमा एउटा ठूलो कलाको प्रदर्शन गर्नु हो । खासगरी यसरी नृत्य गर्दा बोक्सीको शक्ति क्षीण हुन्छ भन्ने जनविश्वास छ । नृत्यको बेलामा बोक्सीलाई सक्दो गाली गरिन्छ ।

बोक्सीलाई आधार मानेर यस संस्कृतिलाई निरन्तरता दिनु अन्धविश्वास बाहेक अरु केही मान्न नसकिने भन्नेको पनि कमी छैन ।

तर झिझिया नृत्यमा प्रदर्शन गरिने कलालाई रुपान्तरित समाजमा परिस्कृत गर्दै अगाडि बढ्दा झिझिया नृत्य अझै लोकप्रिय र समाजले त्यसबाट केही लिनसक्ने कुरा जलेश्वर–५ का संस्कृतिविद् ध्रुव रायले बताए । रासस

# मूल्यवृद्धि नगर्न प्रशासनको निर्देशन अटेर गरिए कारबाही




**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले शुक्रबार सूचना जारी गर्दै चाडपर्वका बेला माछामासु, खाद्यान्न, लत्ताकपडा लगायतका वस्तुको मूल्यवृद्धि नगर्न व्यवसायीहरुलाई आग्रह गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले शुक्रबार पाँच बुँदे अपिल सहितको सूचना जारी गर्दै दशैं, तिहार र छठ पर्वका बेला मौका छोपेर कुनै पनि वस्तुको मनपरी ढंगले मूल्यवृद्धि नगर्न निर्देशन दिएका हुन् । सूचनामा कुनैपनि वस्तुको अनुचित तवरले मूल्य वृद्धि नगर्न, अखाद्य वस्तुको बिक्रीवितरण नगर्न तथा सार्वजनिक सवारी साधनको भाडा नबढाउन निर्देशन दिइएको छ ।

यस्तै, माछा मासु बिक्री गर्ने व्यापारीहरुले माछा मासु काट्ने र बिक्री गर्न राख्ने ठाँउ सफा राख्न, मासु काट्ने व्यक्तिले सफा एप्रोन लगाउन, चाडपर्वमा ठूलो आवाजमा डिजे वा साउण्ड सिस्टम नबजाउन, पटकाजन्य पदार्थको विक्रीवितरण र प्रयोग नगर्न, जुवातास नखेल्न र नखेलाउनपनि जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ ।

प्रशासनको यस्तो आग्रह र निर्देशनको उल्लंघन भएको पाइएमा सम्बन्धित पसल, संस्था वा व्यक्तिलाई कानून अनुसार हुदैसम्मको कारवाही गरिने पनि चेतावनी दिइएको छ । यसैगरी सूचनामा चाडपर्वका बेला अधिकारप्राप्त निकायले बजार अनुगमनलाई तिब्रता दिने र उपभोक्ताको अधिकार र हकलाई संरक्षण गर्ने प्रमुख जिल्ला अधिकारी भुसालले उल्लेख गरेका छन् ।

# गढीमाई मेला जान निःशुल्क बस



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको बरियापुरस्थित विश्वप्रसिद्ध गढीमाई मन्दिरमा दर्शन गर्न जाने भक्तजनहरुका लागि सदरमुकाम कलैयाबाट निःशुल्क बस सेवा सुरु गरिएको छ ।

ओमविनायक ट्राभल्सले घटस्थापनादेखि नवमीका दिनसम्मका लागि सदरमुकाम कलैयाबाट गढीमाई मन्दिरसम्मका लागि निःशुल्क बस सेवा सञ्चालन गरेको हो ।

पशुबलीका लागि विश्वमै प्रसिद्ध गढीमाई मन्दिरमा लाग्ने पञ्चवर्षिय मेला बिहीबार घटस्थापनका दिनदेखि विधिवतमा रुपमा सुरु भइसकेको छ । बिहीबार घटस्थापनाका दिन बृहत शोभा यात्रा पनि निकालिएको थियो ।

घटस्थापनाका दिनदेखि पञ्चवर्षिय गढीमाई मेला विधिवत रुपमा सुरु भएसंगै मन्दिर र मेलामा दर्शन गर्न चाहने भक्तजनहरुका लागि बिहीबारदेखि नै कलैयाबाट निःशुल्क बस सेवा शुरु गरिएको ओमविनायक ट्राभल्स प्रालिका सञ्चालक अच्युत पौडेलले जानकारी दिए ।

घटस्थापनाका दिनदेखि नवमीका दिनसम्म अर्थात असोज २५ गतेसम्म कलैयाको भरत चोकबाट हरेक दिन विहान ६:३० बजे भक्तजनहरुलाई लिएर बस गढीमाई मन्दिरसम्म जाने र मन्दिरबाट भक्तजनहरुलाई लिएर विहान ८ :३० बजे बस कलैयामा फर्किने पौडेलले जानकारी दिए ।

# बडादशैँको तेस्रो दिन चन्द्रघण्टाको पूजा



**वीरगंज ।**
बडा दशैंको तेस्रो दिन आज मधेश प्रदेश तथा देशभर चन्द्रघण्टाको पुजा गरिँदैछ । दशैंको दोस्रो दिन शुक्रबार शक्तिपीठ एवं दशैं घरहरुमा ब्रह्मचारिणी देवीको पूजा गरिएको थियो ।

शक्तिपीठहरुमा विहानैदेखि दर्शनार्थीहरुको भीड लागेको थियो । आश्विन शुक्ल प्रतिपदादेखि शुरु भएको दशैं पूर्णिमासम्म परम्पराअनुसार दुर्गा भवानीको पूजा आराधना गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ । दशैंको पहिलो दिन घटस्थापनामा शैलपुत्री देवीको पूजापाठ गरिएको थियो । घटस्थापना गरेसँगै नवदूर्गाका ९ वटा रूपहरूको पूजा गर्ने परम्परा छ ।

नवरात्रका नौ दिनमा पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौंथो दिन कुष्माण्डा, पाँचौ दिन स्कन्दमाता, छौटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा गर्ने गरिन्छ ।

ब्रह्मचारिणी अर्थात् तपको आचरण गर्ने यी देवीको उपासनाले मनुष्यमा तप, त्याग, वैराग्य, सदाचार, संयमको वृद्धि हुन्छ भन्ने धार्मिक मान्यता छ ।




# जंगली हात्ती र बाघको त्रासमा ठोरीबासी

**वीरगंज ।**
चितवन राष्ट्रिय निकुञ्जबाट साँझ पर्न नपाउँदै गाउँ छिर्ने जंगली हात्ती र बाघको कारण पर्साको ठोरी गाउँपालिकाका स्थानीय त्रसित भएका छन् ।

ठोरीमा किसानहरुले लगाएको धानबाली भित्र्याउने बेला हात्तीले आतंक मच्चाएपछि किसानहरु त्रसित भएको ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।

ठोरी गाउँपालिकाको पाँचवटै वडामा दुई सातादेखि चितवन राष्ट्रिय निकुञ्ज हुदै पर्सा राष्ट्रिय निकुञ्ज र भारतको वाल्मिकी टाइगर रिजर्भबाट आउने हात्तीको बथानले धान बाली नष्ट गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

जंगली हात्तीले पछिल्लो केही दिन यता ठोरीको वडा नं २ को इच्छानगर र बुद्धनगर तथा वडा नं ३ को ब्रम्हानगरमा बढी सताएको उनको भनाई छ ।

गाउँमा हात्ती आतंक बढै गएपछि चितवन राष्ट्रिय निकुञ्जसहित पर्सा राष्ट्रिय निकुञ्जमा समेत जानकारी गराईएको र हात्ती लखेट्नका लागि केही दिन अगाडी निकुञ्जबाट टोली आएको भए पनि गाउँमा नबस्दा समस्या भएको स्थानीयको गुनासो छ । स्थानीय वासिन्दासँग हात्ती लखेट्न परम्परागत तरिकाबाहेक कुनै उपाय रहेको छैन ।



यस्तै, ठोरीमा झण्डै २ महिनादेखि बाघले समेत सताएको छ । ठोरीको वडा नं १ को इच्छानगर र चौतारा, वडा नं ३ को ब्रम्हानगर र वडा नं ५ को सुवर्णपुर क्षेत्रमा बाघले आतंक मच्चाएको अध्यक्ष श्रेष्ठले बताए ।

चितवन राष्ट्रिय निकुन्जसँग जोडिएको मानव बस्तीमा बाघ पसेर घरपालुवा पशुचौपाया मारेर खादै आएको छ ।

बाघले बाख्रा, बाछाबाछीलाई आक्रमण गरी खाने गरेको पाइएको छ । गत बुधवार राति बाघले ठोरीको ब्रम्हानगरमा सेते गोलेको बाख्राको खोरबाट दुईवटा खसी मारेर खाई दिएको बताइएको छ ।

केही दिनयता ठोरीमा एक दर्जन बढी खसी बाख्रा बाघले मारेको स्थानियको भनाई छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन